वर्ष : १२ | अंक : ११

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

२०८० जेठ | 2023 May-June

राष्ट्रिय मासिक



सम्बृद्ध चैनपुर हाम्रो अभियान : मेयर तामाङ



## नीति तथा कार्यक्रम र बजेट

# नारामै रोजगारी र उद्यमशिलता

मूल्य रु.४0/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल 0.५/-, बहराइन बिडी 0.५/-, युएस 8 $/-

# MALAYSIA VISA APPLICATION CENTER

## INDRA TRAVEL & TOURS PVT LTD.

Mahamati Bhawan, Gairidhara, Kathmandu, Nepal

SINCE 1984 A.D



### CONTACT US

- 014442035|014442036
- Gairidhara, Kathmandu,Nepal
- info@indratravelnepal.com
- www.indratravelnepal.com

TOURISM MALAYSIA nepal

### OUR SERVICES

Flight | Transportation | Holidays | Visa Assistance | Hotel | Travel Insurance | Cruise Package | Helicopter

### ASSOCIATED WITH

IATA | NTB | NATTA | PATA Pacific Asia Travel Association


छिटो, सजिलो, विश्वासिलो यस्तो
हातमै पैसा दिए जस्तो
रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम
Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np
PRABHU®
Money Transfer
प्रभुको इच्छा



चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# यसभित्र




८

## आवरण

नीति तथा कार्यक्रम र बजेट

**नारामै रोजगारी र उद्यमशिलता**

सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको नीति तथा कार्यक्रम र बजेटले आकर्षक नारासहित स्वदेशमा नै रोजगार बढाउने, आर्थिकस्तर उकास्ने र उद्यमशिलता बढाउने कार्यक्रम ल्याएको भएता पनि यसको कार्यान्वयनका आधार दिन सकेको छैन । 'युवासँग सरकार, हुने छैनन बेरोजगार' भनेर नीति तथा कार्यक्रममा उल्लेख गरिएपनि दैनिक १५ सयभन्दा बढी नेपाली वैदेशिक रोजगारमा उड्नु पर्ने बाध्यताले सरकारले ल्याएका यस्ता कार्यक्रमको नै धज्जी उडिरहेको छ । यससम्बन्धी विस्तृत रिपोर्टः



१३ साउदी भिसा सेन्टर तत्काल रोक्न सरकारलाई संघले बुझायो ज्ञापनपत्र



१९ पहिलो गैरआवासीय नेपाली नागरिकता म आफैं हस्तान्तरण गर्नेछु : प्रधानमन्त्री प्रचण्ड



अन्तर्वार्ता

१४ सबैको हातेमालोले मात्र बन्छ सम्बृद्ध चैनपुर

कृष्णकुमार तामाङ

प्रमुख, चैनपुर नगरपालिका, संखुवासभा

२८ **चौतारी**

**मखनीको बौवा**

युवराज नयाँघरे





३० **अनुभूति**

**बिष पिएरै बाँचेका हामी**

शम्भु सुस्केरा

१७ **जनजीवन**

**श्रमशील प्रमिला**



• बिन्दु अधिकारी ढकाल

३४ **मनोरञ्जन**

'संगीतमा सृजनशीलता, मौलिकता र मीठास हुनुपर्छ'



## सम्पादकीय

# फ्री भिसा फ्री टिकट : **खोइ कार्यान्वयन ?**

*'फ्री भिसा फ्री टिकट' सुन्दा जति मिठो छ, कार्यान्वयन हुन नसक्दा त्यति नै नमीठो भइरहेको छ। 'फ्री भिसा फ्री टिकट' अर्थात वैदेशिक रोजगारमा जाँदा निःशुल्क भिसा तथा निःशुल्क हवाई टिकट भनिए पनि विदेश जानेहरूले लाखौ तिर्नुपरेको सुन्दा यो आफैमा हास्यास्पद विषय लाग्छ। यो व्यवस्था कार्यान्वयन नहुँदा विदेश उडिरहेका लाखौ नेपाली फ्री भिसा फ्री टिकटको नामबाट त्रसित भइरहेका छन्। वैदेशिक रोजगारमा जाने कामदारलाई आर्थिक भार कम गराउन भन्दै तत्कालीन श्रमराज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ साल असारमा फ्री भिसा फ्री टिकटको व्यवस्था लागू गराएको ८ बर्ष पुग्दासम्म यो कार्यान्वयन हुन सकेको छैन। खाडीका साउदी अरब, कतार, युएई, ओमान, बहराइन, कुवेत र अर्को प्रमुख गन्तब्य मलेसियामा जाने कामदारले कुनै शुल्क भुक्तानी गर्नु नपर्ने व्यवस्था लागू त भयो तर सही कार्यान्वयन नहुँदा तिनै देशमा जाने कामदारले एक लाखदेखि ५ लाखसम्म तिर्न बाध्य भइरहेका छन्।*

*सरकारले मेनपावर कम्पनीले सेवाशुल्क मार्फत कामदारबाट बढिमा १० हजार मात्र लिन पाउने प्रावधान भएका कारण ठगी झन बढेको छ। कामदारले १० हजारको रसिद पाउँछ तर लाखौं बुझाएको हुन्छ। फ्री भिसा फ्री टिकटको घोषणा गरेको सरकारले कार्यान्वयनका लागि कडाई गर्न नसक्दा वा मेनपावरले पठाउन नै नसक्दा कामदार ठगीमा परिरहेका छन्। अझ फ्री भिसा फ्री टिकट लागू गराउँदा सरकार, कामदार तथा व्यवसायीलाई नै घाटा पुगेको भन्दै मेनपावरहरूले सेवाशुल्क बापत एक महिनाको पारिश्रमिक लिन पाउनु पर्ने लविङ गरिरहेका छन्। रोजगारदाताले सबै पैसा दिएको खण्डमा जिरो कष्ट हुने नत्र एक महिनाको सेवा शुल्क तोकेको खण्डमा फ्री भिसा फ्री टिकट लागू हुने सरकार र मेनपावर व्यवसायीको बुझाई छ। तर, सरोकारवाला निकायहरूले फ्री भिसा फ्री टिकट पूर्णरुपमा कार्यान्वयन गराउनका लागि दवाव दिइरहेका छन्।*

*फ्री भिसा फ्री टिकटको निर्णय पपुलर र जनताको चासो भएका कारण सरकारले परिमार्जन गर्न सकिरहेको छैन। श्रम मन्त्रालयले २१ दिनभित्र फ्री भिसा फ्री टिकटका कार्यान्वयन तथा परिमार्जनका विषयमा अध्ययन प्रतिवेदन तयारी गर्न निर्देशन दिँदै सहसचिव राजीव पोखरेलको संयोजकत्वमा कार्यदल गठन गरेको छ। परराराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालयल, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र वैदेशिक रोजगार व्यवसायी संघको पनि प्रतिनिधित्व रहने गरी कार्यदल गठन भएपनि अझै प्रतिवेदन आएको छैन।*

*मलेसिया र नेपालबीच सन् २०१८ मा शून्य लागतको श्रम सम्झौता भए पनि एकाध बाहेक अरु कार्यान्वयन हुन सकेको छैन। फ्री भिसा फ्री टिकट नीति सरकार आफैंले कार्यान्वयन गर्न नसकेको हो। प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा कारवाही नहुँदा ठगी बढेको छ। सरोकारवाला निकायसँग छलफल गरेर सबै पक्ष वीन वीन हुने गरी तत्काल फ्री भिसा फ्री टिकट कार्यान्वयन गर्नुपर्छ। फ्री भिसा फ्री टिकटको नाममा लाखौं नेपालीहरू अव ठगीन हुँदैन।*


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHA RA ROJGAR

• वर्ष १२ • अंक ११ • २०८० जेठ

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**सम्पादक**
उद्धव भट्टराई

**कार्यकारी सम्पादक**
सुमन गिरी

**सह–सम्पादक**
उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com





# पाठक पत्र





## ठगी न्यूनिकरणमा सरकारको चासै देखिएन

वैदेशिक रोजगार नेपालीहरूको बाध्यता नै हो । यही बाध्यताको फाइदा उठाउन अहिले शहरदेखि गाँउसम्म दलालीको जालो फैलिएको छ । तर विदेशिने नेपाली ठगिमा परिरहेको घटना दिनानुदिन बढिरहँदा पनि यसको नियन्त्रणमा सरकार फिक्का सावित भएको छ । जुनसुकै सरकार आएपनि वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउने प्रतिवद्धता जाहेर गर्छन् । तर अहिलेसम्म यो प्रतिवद्धता भाषणमै मात्र सीमित भएको अवस्था छ ।

*- राजन कुइकेल, पोखरा*

सबैभन्दा पहिला त विदेश जाने भनेपछि आँखै चिम्लिएर पैसा बुझाउनुनै गलत छ । खाडि मुलुक तथा मलेसिया मात्र होइन युरोप, अमेरिकाका नाममा पैसा उठाएर फरार भएका घटना बारम्बार सुनिरहदा पनि हामी सचेत बन्न नसक्नुमा सबैभन्दा ठुलो दोषी हामी आफैं पनि हौ । अहिले चोक, चिया पसल, कन्सल्टेन्सी, गेष्टहाउस, टाभल एजेन्सी जताततै यस्ता एजेन्टहरू ढुकेर बसिरहेका छन् । जबसम्म सरकारले उनीहरूलाई नियन्त्रण गर्न सक्दैन र हामी आखा चिम्लेर पैसा बुझाइरहन्छौ तबसम्म यस्ता घटना घटिरहन्छन् ।

*- आकास खड्का, काठमाडौं*

## निषेध होइन व्यवस्थित गरियोस्



अर्थ र रोजगारको वैशाख अंकमा ठेलागाडाकी विष्णुको अर्थतन्त्र लेख पढ्ने मौका मिल्यो । यसरी नै फुटपाथ र ठेलागाडामा व्यापार गरेर जिवन निर्वाह गर्नेको संख्या काठमाडौमा ठुलो छ ।  तथापी पछिल्लो समय काठमाडौ महानगरपालिकाले यस्ता कार्यमा निषेध गरेपछि धेरै परिवारको विचल्लि हुने अवस्था सिर्जना भएको छ । सुन्दर शहर निर्माण र पैदलयात्रुको सहजताका लागि त्यसो गरिनु आवश्यक होला तर, यसलाई निषेध भन्दा पनि कतै व्यवस्थित गरेर हटाउने कार्य गरेको भए राम्रो हुन्थ्यो होला की !

*- शोभा शर्मा, विराटनगर*

## सामाजिक सुरक्षामा जोड्न सरकारले प्रोत्साहन गरोस्





वैदेशिक रोजगारीमा रहेका र विदेशमा स्वरोजगारमा रहेका नेपालीहरू सामाजिक सुरक्षा योजनामा जोडन सुरु भएको सुन्दा खुसी लाग्यो । तर यो जति राम्रो योजना हो विशेषगरी विदेशमा रहेका नेपालीहरूमाझ कार्यान्वयनमा ल्याउनु त्यति नै कठिन पनि छ । अधिकांश श्रमिक न्युन पारिश्रामिकमा काम गर्ने भएकाले उनीहरू आफैं योगदान गरेर योजनामा सामेल होलान् भन्न कठिन छ । यसर्थ सरकारले रोजगारदातालाई नै यस्तो रकम व्योहोर्नका लागि पहल गरिदिने हो भने धेरै राम्रो हुने थियो ।

*- कपिल थापा, युएई*

## नेपालीले संघसंस्था खोल्न जहाँ गएनी छाडदैनन्



जहाँ गएपनि नेपालीले आफ्नो जात देखाउँछन भनेजस्तै विदेशमा पनि संघसंस्था खोल्ने र राजनीतिको मामलामा नेपालीहरू निकै अघि छन । तर अहिले हेर्ने हो भने यस्ता संस्था खोल्ने, कार्यक्रम गर्ने र खादा ओडने-ओडाउनेको ताती नै छ प्रवासमा । यदी प्रवासमा रहेका नेपालीको हकअधिकार, सुरक्षा तथा सहायताका लागि लाग्ने हो भने एउटै संस्था बनाएर पनि त काम गर्न सकिन्छ नि ! युवराज नयाँघरे सरले विदेशमा रहेका नेपालीको तितो यर्थाथ आफ्नो लेखमा उजागर गर्नुभएको रहेछ ।

*- जीवन बस्नेत, कतार*

## गजल



**लीलाराज दाहाल**

अचेल यो रोगी समयले चित्कार गर्दैछ
फूलले नि आज काँडालाई बलात्कार गर्दैछ !

उनलाई भेटूँ भेटूँ लाग्न छोड्यो अचेल त
अब भने यो औषधिले चमत्कार गर्दैछ !

कसरी होला बाँच्ने अब ? सोच्दैछु म अफै
पुलिस अचेल चोर डाकालाई नमस्कार गर्दैछ !

अभाव र महङ्गीको यो अँध्यारो शासनमा
तस्करले पो इमान्दारलाई दुत्कार गर्दैछ !!




नीति तथा कार्यक्रम र बजेट

# नारामै रोजगारी र उद्यमशिलता

**सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा स्वदेशमा नै रोजगार बढाउने, आर्थिकस्तर उकास्ने र उद्यमशिलता बढाउने विशेष कार्यक्रम नहुँदा यसले खासै उत्साह थप्न सकेको छैन। नीति तथा कार्यक्रममा आकर्षक नारासहित 'युवासँग सरकार, हुने छैनन बेरोजगार' अभियान ल्याइएको भएता पनि यसलाई कसैले पत्याएका छैनन्। नेपाली युवाहरू रोजगारका लागि दैनिक १५ सयको हाराहारीमा विदेश उडिरहेकाछन्।**

• अर्थ र रोजगार

राष्ट्रपति रामचन्द्र पौडेलले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको १० दिनपछि अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बार्षिक बजेट सार्वजनिक गरेका छन्। अर्थमन्त्री महतले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट प्रस्तुत गरेका हुन्।

सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा स्वदेशमा नै रोजगार बढाउने, आर्थिकस्तर उकास्ने र उद्यमशिलता बढाउने विशेष कार्यक्रम नहुँदा यसले खासै उत्साह थप्न सकेको छैन। नीति तथा कार्यक्रममा आकर्षक नारासहित 'युवासँग सरकार, हुने छैनन बेरोजगार' अभियान ल्याइएको भएता पनि यसलाई कसैले पत्याएका छैनन्। नेपाली युवाहरू रोजगारका लागि दैनिक १५ सयको हाराहारीमा विदेश उडिरहेको सन्दर्भमा सरकारले कोही बेरोजगार बस्नु पर्दैन भन्दा पत्याउने आधार नै देखिँदैन।

सरकारले यो बर्ष ल्याएको बजेट चालु आवकोभन्दा २.३७ प्रतिशतले अथवा झण्डै ४२ अर्ब ५२ करोडले कम हो। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले चालु आर्थिक वर्ष २०८९/०८० का लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँको बजेट पेश गरेका थिए। नेपालमा वि.सं २००८ सालदेखि बजेट सार्वजनिक गर्ने प्रचलन भएको हो। तत्कालिन अर्थमन्त्री सुवर्णशमशेर राणाले नेपालको पहिलो बजेट ल्याएका थिए। तत्कालीन अर्थमन्त्री राणाले संसदमा ५ करोड २५ लाख २९ हजार रूपैयाँको बजेट प्रस्तुत गरेका थिए।

नेपालमा संविधान जारी हुनुअघि असार

## बजेट कार्यान्वयन हुने **मौद्रिक नीति** आउँछ



**महाप्रसाद अधिकारी**
गभर्नर, नेपाल राष्ट्र बैंक

सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट प्रशंसनीय छ। सरकारले ल्याएको बजेट कार्यान्वयनमा सहयोग गर्नेगरी राष्ट्र बैंकले मौद्रिक नीति ल्याउनेछ। समग्र आर्थिक क्षेत्रको विकासलाई सहज हुने खालको मौद्रिक नीति ल्याउन राष्ट्र बैंक प्रयत्नशिल रहनेछ।

बजेटले भने जस्तो मूल्यवृद्धि साढे ६ प्रतिशतभित्र कायम राख्न चुनौती भएपनि त्यसलाई सहयोग हुने गरी तथा सरकारले लिएको लक्ष्य पूरा गर्नेगरी नै मौद्रिक नीति तर्जुमा गर्ने छौ। बजेटको सिलिङमा अघिल्ला वर्षभन्दा यो वर्ष निकै छलफल भएको छ। यो पटकको बजेटले अर्थतन्त्रमा देखिएको शिथिलता कम गर्ने लक्ष्य राखेको छ। आगामी आर्थिक वर्षको बजेटले राजस्वमा परेको दबाब न्यून गर्ने धेरै काम भएको छ। बजेटमा औद्योगिक क्षेत्र बनाउने, सहुलियतपूर्ण कर्जा पुनर्संरचना गर्ने, सहकारीको समस्या समाधान गर्ने, नियमन गर्न विशिष्टिकृत नियमन खोल्ने विषय समावेश छ। सरकारी संरचना मर्जरमा जाने, खारेजी गर्ने जस्ता धेरै सुधारको योजना बजेटमा छ।

मसान्तमा बजेट सार्वजनिक गर्ने चलन थियो। तर, २०७२ असोज ३ गते संविधान जारी भएपछि जेठ १५ गतेलाई बजेट सार्वजनिक गर्नुपर्ने दिनको रूपमा तोकिएको छ।

आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत भएको बजेटमा कुल विनियोजनमध्ये चालुतर्फ रु. ११ खर्ब ४१ अर्ब ७८ करोड अर्थात् ६५.२० प्रतिशत, पुँजीगततर्फ रु. ३ खर्ब २ अर्ब ७ करोड अर्थात् १७.२५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. ३ खर्ब ७ अर्ब ४५ करोड अर्थात् १७.५५ प्रतिशत रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको बजेटको खर्च व्यहोर्ने स्रोत मध्ये राजस्वबाट रु. १२ खर्ब ४८ अर्ब ६२ करोड र वैदेशिक अनुदानबाट रु. ४९ अर्ब ९४ करोड अनुमान गरिएको छ। बाँकी खर्च पूर्ति गर्न वैदेशिक ऋणबाट रु. २ खर्ब १२ अर्ब ७५ करोड जुटाइने तथा राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद रु. २ खर्ब ४० अर्ब आन्तरिक ऋणबाट व्यहोरिने जनाइएको छ।

बजेटले चालु आर्थिक वर्षमा २.१६ प्रतिशतले आर्थिक बृद्धि हुने अनुमान गरेको छ। विश्व अर्थतन्त्रमा देखिएको शिथिलता तथा केही आन्तरिक कारणले आर्थिक गतिविधीमा सुस्तता आएको हुँदा आर्थिक वृद्धि न्यून हुने अनुमान रहेको अर्थमन्त्री महतको भनाई छ।

संसदमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री महतले चालु आर्थिक वर्षको चैत्र महिनामा मुद्रास्फीती ७.७६ प्रतिशत, चैत्र महिनासम्म शोधनान्तर स्थिति रु. १ खर्ब ८० अर्ब १७ करोडले बचत, विदेशी मुद्राको सञ्चिति ११ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिएको बताएका छन्। साथै विप्रेषण आप्रवाह २४.२ प्रतिशतले वृद्धि भई चैत्र मसान्तसम्म रु. ९ खर्ब ३ अर्ब पुगेको बजेटमा उल्लेख छ।

साधारण खर्चमा वृद्धि हुँदै जाँदा तलब भत्ता, सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण, प्रशासनिक खर्च तथा बढ्दो ऋण भुक्तानी दायित्व व्यवस्थापन गर्न मात्र करिव रु. १२ खर्ब ८० अर्ब २५ करोड विनियोजन गर्नुपरेको अर्थमन्त्री महतले बताएका छन्। उनले भने 'यो कूल बजेटको ७३.१० प्रतिशत हुन आउँछ। कुल बजेटको ठूलो हिस्सा यसरी छुट्याउनु पर्दा विकास कार्यका लागि स्रोत व्यवस्थापनमा चाप परेको छ।'

सरकारले दोस्रो चरणको आर्थिक सुधार र अर्थतन्त्रको संरचनागत परिवर्तनको नारासहित आर्थिक वर्ष २०८०/८१ को बजेट तयार पारेको अर्थमन्त्री डा. महतले बताएका छन्। संकटमा परेको अर्थतन्त्र उकास्न यस पटक खर्च कटौती गरिएको र चालू वर्षको भन्दा केहि सानो आकारको बजेट ल्याइएको अर्थमन्त्री महतको भनाइ छ।

'मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धिसहितको सबल अर्थतन्त्र निर्माण गर्नेतर्फ आगामी वर्षको बजेट निर्देशित गरेको छु' बजेट बक्तव्य प्रस्तुत गर्दै अर्थमन्त्री महतले भनेका छन्।

उनले आगामी बजेट प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका उद्योग, प्रवर्द्धन गर्ने, डिजिटल र हरित अर्थतन्त्र विकास गर्ने, युवालाई मुलुकभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना तथा स्रोत र साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन गर्ने दिशामा उन्मुख रहेको बताएका छन्।

राजनीतिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ-संस्था, निजी क्षेत्र, नागरिक समाज, गैरआवासीय नेपाली, विकास साझेदार, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट अर्थतन्त्रमा देखिएका विद्यमान चुनौती सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको अर्थमन्त्री महतको भनाई छ।

'आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनबाट लगानी विस्तार भई रोजगारीका अवसर बढ्ने तथा अर्थतन्त्रमा गतिशीलता आई दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने आशा गरेको छु' बजेट प्रस्तुत गर्दै अर्थमन्त्री महतले भनेका छन्।

सत्तापक्षका सांसदले बजेटको समर्थन गर्दै र प्रतिपक्षी सांसदले विरोध गर्दै बजेटको कार्यान्वयनमा प्रश्न उठाउने परम्परागत छलफल गरेका छन्। प्रतिनिधिसभा तथा राष्ट्रिय सभाको बैठकमा बजेटमाथि छलफल गर्ने क्रममा विरोध र समर्थन भएपनि संविधानले परिकल्पना गरे अनुरुपको समाजवाद उन्मुख बजेट नभएको विपक्षी सांसदको भनाइ थियो।

आगामी आर्थिक वर्षको बजेटले तत्काल मन्दीको असर कम गर्ने उपाय अवलम्बन गर्न नसकेको उद्योग वाणिज्य महासंघले ठहर छ। बजेटमा महासंघद्वारा प्रस्तुत केही सुझाव समेटिए पनि मन्दीको असर कम गर्ने उपाय खोज्न नसकेको महासंघको भनाइ छ। 'बजारमा तरलता प्रवाह, निर्माण व्यवसायीहरूको म्याद थप तथा मूल्य समायोजन र वक्यौता भुक्तानीमा बजेट मौन छ' महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

> 'युवासँग सरकार, हुने छैनन् बेरोजगार' अभियान अन्तर्गत आगामी दुई वर्षभित्र पाँच लाख थप आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा जनाइएको छ।



**आशै आशको**
**नीति तथा कार्यक्रम**

सरकारले ल्याएको नीति तथा कार्यक्रममा आकर्षक नारा, अभियान तथा पुरा हुन नसक्ने कार्यक्रमहरू ल्याइएका छन् । मर्यादित श्रमसहितको रोजगारीको सुनिश्चितता गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । 'श्रमिकको हक अधिकार र न्यूनतम पारिश्रमिकको प्रत्याभूति गरिनेछ । सरकारी र निजी प्रतिष्ठानहरूमा अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्था गरिनेछ' नीति तथा कार्यक्रममा भनिएको छ ।

'युवासँग सरकार, हुने छैनन बेरोजगार' अभियान अन्तर्गत आगामी दुई वर्षभित्र पाँच लाख थप आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा जनाइएको छ ।

उत्पादनसँग प्रत्यक्ष जोडिने रोजगार र उद्यमशीलता सम्बन्धित संस्था, कोष तथा कार्यक्रमहरूलाई एकीकृत गर्दै श्रम बजारको माग अनुसारको सीपयुक्त मानव संसाधन उत्पादनका लागि सरकारी तालिम प्रदायक संस्थाहरूलाई एकीकरण गरी राष्ट्रिय प्राविधिक तथा व्यवसायिक प्रशिक्षण प्रतिष्ठान स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

श्रम र श्रमिकको कदर हुनेगरी न्यूनतम पारिश्रमिक निर्धारण एवं कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न श्रमिकहरूको न्यूनतम ज्याला जीवन धान्न पुग्ने तहमा स्वतः बढ्ने गरी स्वचालित ज्याला प्रणाली लागु गरिने भनिएको छ ।

सत्ता पक्षका सांसदहरूले समय सापेक्ष नीति तथा कार्यक्रम आएको भन्दै सफल कार्यान्वयनमा जोड दिएका छन् । प्रतिपक्षी दलका सांसदहरूले नीति तथा कार्यक्रमले मुलुकको अहिलेको समस्या समाधान गर्ने गरी कार्यक्रम ल्याउन नसकेको टिप्पणी गरेका छन् । नीति तथा कार्यक्रममा धेरै विषयबारे द्विविधा भएको उल्लेख गर्दै गफ दिएर नयाँ नेपाल निर्माण नहुने उनीहरूले बताएका छन् । आश्वासनले मात्र अब जनता चुप नलाग्ने भएकाले परिणाममुखी काम गर्न नसके जनताले मुल्यांकन गर्ने प्रतिपक्षी दलका सांसदहरूले बताएका छन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको संसदीय दलका नेता केपी शर्मा ओलीले सरकारले ल्याएको नीति तथा कार्यक्रममा उद्देश्य र गन्तव्य नभएको बताएका छन् । ओलीले मुलुक आर्थिक मन्दीको चपेटामा

## बजेटप्रति निजी क्षेत्र **सन्तुष्ट छैन**



**चन्द्रप्रसाद ढकाल**, अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

बजेट राम्रो हिसाबले लेख्ने तर आर्थिक विधेयकको बजेटमा नीजि क्षेत्रले दिएको सुझाब भन्दा फरक किसिमले आउने गरेको छ । सरकारले नीति तथा कार्यक्रममा निजी क्षेत्रबारे राम्रो कुरा गरेको छ । तर बजेट अंकमा भने निजी क्षेत्रलाई पेल्ने गरेको छ । यसपालिको बजेटमा पनि यस्तै भएको छ । महासंघ बजेटप्रति धेरै सन्तुष्ट हुन सकेको छैन ।

बजेटले स्वदेशी उत्पादनलाई प्राथमिकता दिएको र निर्यातलाई प्रोत्साहन गरेकोमा खुशी मान्न सकिन्छ । महासंघले दिएका कतिपय सुझावहरूसमेत समावेश गरिएको र पुँजीगत खर्च बढाउने तथा अनुत्पादक खर्च कटौतीका लागि विशेष पहल गरिएको विषय स्वागतयोग्य रहेको छ ।

कतिपय कुराहरू नेपाल सरकारले दिएका, आर्थिक ऐनले दिएका कुराहरू अहिले काटिएर आएको छ । यस्ता चिजहरू करेक्सन हुनुपर्छ भन्ने निजि क्षेत्रको धारणा रहेको छ । तर, कुनै पनि पोलिसी चेन्ज गर्दाखेरी त्यसको इफेक्ट के हुन्छ भन्ने कुरा अलिकति विचार गरेर मात्र गरिनुपर्छ ।

## बजेट कार्यान्वयनमा चुनौति



**विष्णु अग्रवाल,**
अध्यक्ष, नेपाल उद्योग परिसंघ

सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेट आर्थिक सुधारको बाटोमा छ। केही क्षेत्रमा आर्थिक सुधारको बाटोमा बजेट देखिएको र केही क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेको छ।

भन्सार छुटमा नेपालमा उत्पादन हुने निर्माण सामग्री आयात गर्ने आयोजनालाई गरिएको कडाइले नेपाली वस्तुको उपभोग बढ्ने देखिन्छ। सूचना प्रविधिमा विदेशी लगानीको सीमा घटाउनु, अन्य क्षेत्रमा पनि क्षेत्रगत सीमा लगाउने कुराले लगानीको वातावरण सिर्जना हुने देखिन्छ। बजेटले निजी क्षेत्रलाई प्रोत्साहन गरेको देखिन्छ भने आर्थिक सुधारमा अघि बढेको भन्न मिल्छ तर, केही रिफर्मको प्रोत्साहन गर्ने झल्को देखिएपनि बजेट कार्यान्वयन हुने कुरा र राजस्वको लक्ष्य पुरा हुने अवस्था नदेखिंदा शंका बढेको छ।

परेको अवस्थामा यसलाई सुधार गर्न नीति तथा कार्यक्रममा कुनै योजना नभएकोले वर्तमान सरकारको नीति नै 'नीति शून्य नीति' रहेको संज्ञा दिएका छन्।

वैदेशिक रोजगारका विषयमा नीति तथा कार्यक्रममा भनिएको छ-'विभिन्न मुलुकसँगको श्रम सम्झौता पुनरावलोकनका साथै नयाँ श्रम गन्तव्य मुलुकको पहिचान गरिनेछ। वैदेशिक रोजगारीको लागि श्रम अनुमति र पुनः श्रम स्वीकृति लगायतका सेवा प्रदेशतहबाटै अनलाइनमार्फत उपलब्ध गराइनेछ। वैदेशिक रोजगारीमा रहेका सबै नागरिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ। कोषको दायरालाई थप फराकिलो र प्रभावकारी बनाउँदै लगिनेछ।'

वैदेशिक रोजगार सम्वन्धी गुनासो तत्काल सुनुवाईका लागि चौबिसै घण्टा हटलाइन सेवा सञ्चालन गरिने र विदेशस्थित नेपाली दूतावासमा राखिएका श्रमिक हेल्प डेस्कलाई थप व्यवस्थित र प्रभावकारी बनाइने बताइएको छ। सबै किसिमका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृतरुपमा सञ्चालन गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायराभित्र सबै नागरिकलाई समेट्दै लैजाने नीति तथा कार्यक्रममा समेटिएको छ। यस्तै सामाजिक सुरक्षाका कार्यक्रमहरूको दिगोपना र प्रभावकारिता वृद्धि गर्ने जनाइएको छ।

नीति तथा कार्यक्रममा पूँजी बजारको विकास र विस्तारको लागि संरचनागत सुधार गरिने, पूँजी बजारमा गैरआवासीय नेपालीहरूलाई लगानी खुला गर्दै वैदेशिक रोजगारीमा जाने युवाहरूलाई सरकारी ऋणपत्रका साथै निजी क्षेत्रका आयोजनाको प्राथमिक शेयरमा लगानी गर्न प्रेरित गरिने जनाइएको छ भने गैरआवासीय नेपालीको ज्ञान, सीप, पूँजी, प्रविधि, सञ्जाल र पहुँचलाई मुलुकको विकास र समृद्धिसँग जोड्न विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ।

त्यसैगरी विदेशमा रहेका नेपाली नागरिकलाई आवधिक निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरिने उल्लेख गरिएको छ। विदेशमा रहेका नेपालीहरूको हकहितको संरक्षण गर्दै समस्यामा परेका नेपालीको उद्धार, राहत, कानूनी सहायता र स्वदेशफिर्ती लगायतका कन्सुलर सेवा प्रभावकारी तवरले उपलब्ध गराइने पनि जनाइएको छ। नीति तथा कार्यक्रमले जनता भुल्याउने आकर्षक कार्यक्रम ल्याएको भएता पनि प्रभावकारी कार्यान्वयनमा अझै शंका नै छ।

### युवा उद्यमशीलतामा प्रवर्द्धनमा चासो

सरकारले आर्थिक वर्ष २०८०/८१ लाई युवा उद्यमशीलता प्रवर्द्धन वर्षको रुपमा मनाउने भएको छ। युवा पुस्तालाई उद्यमशीलता विकास र व्यवसाय सञ्चालनमा आकर्षित गर्न सीप, पुँजी र प्रविधिमा पहुँच वृद्धि गर्ने, युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानी मोडालिटी परिवर्तन गरी युवालाई व्यवसाय गर्न सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने लगायतका कार्यक्रम बजेटले समेटेको छ।

स्टार्टअपलाई प्रोत्साहन गर्न सरकारले १ अर्ब २५ करोड रुपैया बजेट विनियोजन गरेको छ। नवप्रवर्द्धन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप इको सिस्टम विकास गरिने विषय बजेटमा समेटिएको छ। सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्ने गरी कानूनमा संशोधन गरिने बजेटमा उल्लेख छ। यस्तै सरकारले अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि छुट्टै कोष स्थापना गर्न एक अर्ब रकम विनियोजन गरेको छ।

लगानी प्रवर्द्धनलाई थप सहज बनाउन सरकारले नयाँ कम्पनी दर्ता र कम्पनीको पुँजी वृद्धि गर्दा कुनै शुल्क वा दस्तुर नलाग्ने व्यवस्था गरेको छ भने न्यूनतम एक सय रुपैयाँ अधिकृत पुँजी घोषणा गरेर पनि कम्पनी खोल्न पाइने भएको छ। यस्तै अनलाइनबाटै कम्पनी दर्ता र खारेजी गर्न सकिने प्रक्रिया सरल बनाइने र उद्योग दर्ता तथा लगानी स्वीकृति लगायतका सेवालाई एकल विन्दु सेवा केन्द्रबाट विद्युतीय प्रणालीमार्फत प्रदान गर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ।

प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रममार्फत आन्तरिक उत्पादन र उपभोगलाई प्रोत्साहन गरिने र यस कार्यक्रमको लागि ५० करोड विनियोजन गरिएको अर्थमन्त्री महतले बताएका छन्। यस अन्तर्गत स्वदेशी कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगलाई प्रशोधन र प्रविधि स्तरोन्नतिका साथै भण्डारण र बजारीकरणमा सहयोग गरिने तथा कृषि, तयारी पोशाक, औषधी फुटवेयर लगायतका उच्च आन्तरिक खपत भएका उद्योगलाई प्रोत्साहन गरिने जनाइएको छ। सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ।

उत्पादन अभिवृद्धि, आन्तरिक रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकास लगायतका उद्देश्य राखी सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्वन्धी कार्यक्रमलाई पुनर्संरचना गरिने र यस कार्यक्रम अन्तर्गत ब्याज अनुदानका लागि रु. ११ अर्ब ५९ करोड विनियोजन गरिएको छ। यद्यपी बर्षेनी नेपाली श्रम बजारमा आउने युवाहरूलाई व्यवस्थापन गर्नका लागि सरकारसँग कुनै ठोस आधार नभएको जानकारहरू बताउँछन्।

### रोजगारी अभिवृद्धिमा छैन नयाँ कार्यक्रम

'श्रमको सम्मान राष्ट्रको अभियान' भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइने, असल श्रम सम्वन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिवृद्धि गरिने र वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइने बजेटमा उल्लेख छ। यद्यपी रोजगार अभिबृद्धिका लागि नयाँ कार्यक्रम तथा क्षेत्रहरू ल्याउन सकेको छैन।

यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरेर उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्यसहित कार्यक्रम ढाँचामा परिमार्जन गरिने जनाइएको छ। स्थानीय तहबाट कार्यान्वयन हुने श्रममूलक काममा यस कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगारलाई कार्यस्थलमा आधारित तालिम सहितको न्यूनतम रोजगारी प्रदान गरिने र स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रको

स्तरोन्नति गरिने जनाइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सरकारले चालु आवको भन्दा कम अर्थात रु. ५ अर्ब ९४ करोड विनियोजन गरेको छ। चालु आवमा यो कार्यक्रमका लागि ७ अर्ब १३ करोड छुट्याइएको थियो। 'आत्मनिर्भर अर्थतन्त्रको आधारः स्वदेशमै उत्पादन र रोजगार' भन्ने नाराका साथ स्थानीय आर्थिक सम्भावनाका आधारमा उत्पादन र रोजगारीका अवसर वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र विकास गर्न सबै स्थानीय तहमा राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम संचालन गर्ने र त्यसका लागि बजेटमा ७ अर्ब विनियोजन गरिएको अर्थमन्त्री महतले बताए पनि यो प्रयाप्त पक्कै होइन।

### वैदेशिक रोजगारमा सुधारको संकेत

सरकारले वैदेशिक रोजगारीको श्रम स्वीकृति र नवीकरण गर्न काठमाडौं धाउनुपर्ने विद्यमान अवस्थाको अन्त्य गरी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र मार्फतनै श्रम स्वीकृति र नवीकरण सेवा लिन सक्ने व्यवस्था मिलाइएको जनाएको छ।

नयाँ र आकर्षक गन्तव्य मुलुकहरूमा वैदेशिक रोजगारीका अवसरहरूको पहिचान र उपयोग गरिने, विभिन्न देशहरूसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बीमा र तत्काल गुनासो सम्बोधन लगायतका विषयहरू थप व्यवस्थित गरिने तथा गन्तव्य मुलुकको आवश्यकताबमोजिम श्रमिकलाई सीपयुक्त बनाई उच्च पारिश्रमिक प्राप्त गर्न सक्ने बनाइने बजेट बक्तव्यमा उल्लेख छ।

वैदेशिक रोजगारको सिलसिलामा विदेशमा अलपत्र परेका नागरिकहरूको शीघ्र उद्दार गरिने तथा वैदेशिक रोजगारीका क्रममा घाइते वा मृत्यु भएका श्रमिकको परिवारलाई प्रदान गरिने राहत, क्षतिपूर्ति लगायतका कल्याणकारी सेवा सम्बन्धित स्थानीय तहबाटै प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ।

सरकारले योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै लैजाने जनाएको छ। जस अन्तर्गत चालु आवबाटै वैदेशिक रोजगारीमा रहेका तथा विदेशमा स्वरोजगारमा रहेकाहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा समेटने कार्य सुरु भैसकेको छ भने आन्तरिक श्रम बजारमा रहेका अनौपचारिक क्षेत्रमा कार्यरत कामदारलाई सामाजिक सुरक्षामा समेट्ने कार्यविधि जारी भएपनि अझै कार्यान्वयन भैसकेको छैन।

सामाजिक सुरक्षा कोषलाई दिगो र प्रतिफलमुखी बनाउन कोषको रकम उत्पादनमूलक तथा पूर्वाधार लगायतका क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाइने जनाइएको छ। कोषको रकम कामदारको स्वास्थ्य उपचार, सन्ततिको शिक्षा तथा परिवारको बीमा, व्यवसाय सञ्चालन र व्यवसायिक सीप सम्बन्धी तालिम सञ्चालनमा उपयोग गरिने बजेटमा उल्लेख छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि रु. ८ अर्ब ८ करोड बजेट विनियोजन भएको छ, जुन प्रयाप्त होइन। देशको अर्थतन्त्र चलायमान बनाउने नेपालीहरू बाहिर पठाउने र उनीहरूको पक्षमा काम गर्ने मात्र नभएर स्वदेशमा रोजगार सृजना गर्ने मन्त्रालयलाई सरकारले प्राथमिकतामा नराखेको मन्त्रालयका कर्मचारीहरू बताउने गर्दछन्।



### विप्रेषण पठाउनेलाई सामाजिक सुरक्षामा जोड्ने

विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहन गरिने बजेट बक्तव्यमा उल्लेख छ। जस अनुसार बैंक खाता खोली विप्रेषण पठाएमा कम्तिमा एक प्रतिशत थप व्याज दिने सुविधालाई निरन्तरता दिइने र औपचारिक माध्यमबाट विप्रेषण पठाउने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने जनाइएको छ।

बजेट प्रस्तुत गर्दै अर्थमन्त्री महतले भनेका छन् -'श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपालीलाई लक्षित गरी रेमिट्यान्स वन्ड जारी गरी औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउने र त्यसरी भित्र्याइएको रकमलाई पूर्वाधार विकासमा उपयोग गरिनेछ।'

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गई कम्तीमा लगातार छ महिना काम गरी फर्किएका नेपाली नागरिकले वि.सं. २०८० जेठ १ गतेदेखि आफुले प्रयोग गरेको मोबाइल फोन सेट थान एक को अतिरिक्त थप एक थान मोबाइल फोन सेट महसुल सुविधामा ल्याउन पाउने व्यवस्था गरिएको थियो। आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा कोषमा आवद्ध भई वैदेशिक रोजगारमा गई कम्तीमा लगातार बाह्र महिना काम गरी फर्केका व्यक्तिले आफ्नो साथमा ल्याएको एउटा जुनसुकै आकारको टेलिभिजनमा भन्सार महसुल छुट दिइएको छ।

### सीपयुक्त जनशक्ति उत्पादनमा जोड

आगामी आर्थिक वर्षको लागि प्रस्तुत बजेटमा श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइने जनाइएको छ। जसका लागि मौजुदा तालिक प्रदायक संस्थाहरूको पुनर्संरचना र एकीकरण गरी राष्ट्रिय व्यवसायिक सीप विकास प्रतिष्ठान गठन गरिने र निजी क्षेत्रसँगको समन्वय तथा सहकार्यमा स्थानीय तहबाट व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाइने अर्थमन्त्री महतले बताएका छन्।

यस्तै 'अबको जीवन स्वदेशमा नै' भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आवद्ध गर्ने गरी कार्यक्रम सञ्चालन गरिने, गरिवीको रेखामुनि रहेका र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लघु उद्यमीको रुपमा विकास गर्न स्थानीय तहमार्फत सीप विकास तालिम र व्यवसायिक परामर्श सेवा सञ्चालन गरिने जनाइएको छ।

स्वदेश तथा विदेशमा सीप सिकेको स्वघोषणा गरेको आधारमा जनशक्तिको सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने, प्राविधिक प्रशिक्षकहरूको दक्षता अभिवृद्धिका लागि प्राविधिक प्रशिक्षक अनुमतिपत्र प्रणाली कार्यान्वयनमा ल्याइने र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद मार्फत आगामी आर्थिक वर्ष ५० हजार जनाको सीप परीक्षण गरी प्रमाणीकरण गरिने बजेटमा उल्लेख छ।

# साउदी भिसा सेन्टर तत्काल रोक्न सरकारलाई **संघले बुझायो ज्ञापनपत्र**



वैदेशिक रोजगारमा जाने कामदारलाई आर्थिक भार थप्ने गरी सञ्चालनमा आउन लागेको साउदी भिसा सेन्टर तत्काल रोक्नका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारको ध्यानाकर्षण गराएको छ।

संघका अध्यक्ष राजेन्द्र भण्डारी नेतृत्वको प्रतिनिधीमण्डलले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र सचिव एकनारायण अर्याललाई भेटेर आर्थिक भार थप्ने अभिप्रायले व्यवसायी र कामदारलाई झुक्याउने खेल भएकाले तत्काल साउदी भिसा सेन्टर संचालनमा रोक लगाउन भन्दै ज्ञापनपत्र बुझाएको हो।

केही मेनपावर व्यवसायीहरूको संलग्नतामा उक्त भिसा सेन्टर सञ्चालन हुन लागेको भन्दै संघले व्यवसायीहरूलाई गुम्राहमा राखेर झुक्याउने खेल भइरहेको भन्दै गम्भीर आपत्ति जनाएको छ। परराष्ट्र मन्त्रालयले गत बैशाख २८ गते संघलाई पत्र पठाउदै साउदी प्रवेशका लागि सबै प्रकारका भिसा तथा यात्रा सम्बन्धी अनुमति भिएफएस ग्लोवल सर्भिस नेपालले संचालन गर्ने जानकारी पठाएपछि संघले सरकारको ध्यानाकर्षण गराएको हो।

भेटवार्तामा मन्त्री भण्डारीले कामदारलाई आर्थिक भार पर्ने कुनै पनि प्रोसेस सरकारलाई स्वीकार्य नरहेको बताउँदै व्यवसायीको मागप्रति ध्यानाकर्षण भएको जनाएका छन्।

साउदी दूतावासले मे ८, २०२३ मा परराष्ट्र मन्त्रालयलाई भिसा सेन्टरका बारेमा पत्र पठाएपछि बजारमा सिण्डिकेटको चर्चा चुलिएको हो। दूतावासले साउदीका सबै प्रकारका भिसा तथा यात्रासम्बन्धी कामका लागि अनुमति मागेको थियो।

केही मेनपावर व्यवसायीको मिलेमतोमा आर्थिक भार थप्नेगरी खोल्न लागिएको साउदी भिसा सेन्टर कुनै पनि हालतमा सञ्चालन हुन नदिन मन्त्री र सचिवलाई ज्ञापनपत्र बुझाएको अध्यक्ष राजेन्द्र भण्डारीले बताए। यसमा संघको कडा आपत्ति रहेको जनाउँदै उनले आफ्नो आवाज नसुनिए कडा आन्दोलनमा उत्रनेसमेत सरकारलाई जानकारी गराएको बताएका छन्।

भिसा सेन्टरका लागि भनेर भिएफएस ग्लोबल सर्भिसेज भन्ने संस्था कम्पनी रजिस्टार कार्यालयमा दर्तासमेत गरेको पाइएको छ।

यो सिण्डिकेट जसरी पनि तोडिने संघको दावी छ। हाल राजनीतिक पहुँच र आर्थिक चलखेल गर्न सक्ने केही मेनपावर व्यवसायीले हालीमुहाली गर्दै सिण्डिकेटको कोशिस गरेका छन्। व्यवसायीलाई सिण्डिकेट लाद्न खोजिएपछि उक्त कार्यप्रति मेनपावर व्यवसायीहरू चिन्तित बनेका छन। केही मेनपावर व्यवसायीहरू सम्बन्धित देशले गर्दै आएको काम आफैं गर्ने कोसिसमा लागेका हुन।

साउदीसँगै युएईको पनि भिसा सेन्टर नेपालमा स्थापना गर्न केही व्यवसायीहरू नै सक्रिय रहेको पाइएको छ। युएईकै द सेक्युरिटी इन्डस्ट्री रेगुलरटी एजेन्सी (सिरा) लाई समेत नेपालमा ल्याउन खोजिरहेको बताइएको छ।

जतिसक्दो कम लागतमा कामदार पठाउने भनिरहदा सीमित स्वार्थमा लागेका व्यवसायीहरू बढी पैसा असुल्ने धन्दामा लाग्न थालेको मेनपावर ब्यावसायीको आरोप छ। नेपालस्थित साउदी दूतावास र केही व्यवसायीको मिलेमतोमा जाउलाखेलमा साउदी भिसा सेन्टर खोल्न लागिएको हो।

साउदीको भिसा सेन्टर केही महिना अगाडि बंगलादेशमा पनि खुलेको थियो। तर, व्यवसायीको आन्दोलनपछि तत्काल बन्द भएको थियो। साउदी सरकारको कुनै अनुमति बिना नै उक्त भिसा सेन्टर खोलिएको थियो। त्यसपछि व्यवसायीले चर्को आन्दोलन गरेपछि उक्त भिसा सेन्टर बन्द भएको थियो।

भिसा सेन्टरको नाममा कलेक्सन सेन्टर खोल्ने, बायोमेट्रिक गर्ने र डकुमेन्ट तथा पासपोर्ट सङ्कलन गर्ने गरी कार्य अगाडि बढाउन खोजिएको हो। त्यसका लागि उनीहरूले प्रति कामदार ३ हजार रुपैयाँ अतिरिक्त शुल्क तोक्ने गृहकार्य गरेको बुझिएको छ। नेपालस्थित साउदी अरेबियाको दूतावासले भीएफएस प्रणालीबाट भिसा प्रदान गरेर सेवा प्रवाह गर्ने विषयमा व्यवसायीहरूसँग छलफल अगाडि बढाएको थियो। नेपाली व्यवसायीहरूले एकलौटी रूपमा कलेक्सन सेन्टर खोल्न लबिङ गरिरहेका बेला दूतावासले भीएफएस प्रणालीबाट सेवा प्रवाह गर्ने विषयमा छलफल थालेको छ।

यस विषयमा नेपालका लागि साउदी राजदूत साद अबुहैमेद र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डलबीच दूतावासमा छलफल भएको थियो। छलफलमा राजदूत अबुहैमेदले साउदी सरकारले पनि निकट भविष्यमा भीएफएस प्रणालीबाट भिसा प्रोसेसिङ गर्ने गरी तयारी गरेको बताएका थिए।

राजदूत अबुहैमेदसँग व्यवसायीले सिण्डिकेटको विषयसमेत उठान गरेका थिए। तर, त्यसमा उनले व्यवसायीको चिन्ता र चासोबारे जानकार रहेको भन्दै भीएफएस प्रणालीमा कुनैपनि नेपाली व्यवसायी र नेपाली कर्मचारीको संलग्नता नरहने र पूर्ण रूपमा साउदी सरकारको नियन्त्रणमा रहने प्रष्ट पारेका थिए।




# सबैको हातेमालोले मात्र बन्छ सम्बृद्ध चैनपुर

**कृष्णकुमार तामाङ**
**प्रमुख, चैनपुर नगरपालिका, संखुवासभा**

*कोशी प्रदेशकै एक सुन्दर र ऐतिहासिक नगरपालिका हो चैनपुर नगरपालिका। चैनपुर नगरपालिका सामाजिक, सांस्कृतिक र पर्यटकीय हिसावले प्रसिद्ध छ। यहां अवस्थित विभिन्न मठ मन्दिरहरूले धार्मिक पर्यटनको संभावना बोकेका छन्। चैनपुर नगरपालिकालाई कृषि तथा पर्यटकीय केन्द्रका रुपमा विकास गर्न नगरपालिका क्रियाशील रहेको छ। चैनपुर नगरपालिकाले 'कृषि, पर्यटन र व्यापार, सुरक्षित सम्बृद्ध नगरको आधार' मुख्य नारा नै बनाएर काम गरिरहेको छ। चैनपुर नगरपालिकाले स्थानीय तहमा राम्ररी भिजेका अनुभवी र भिजनरी नगरप्रमुख कृष्णकुमार तामाङलाई पाएको छ। चैनपुर नगरपालिकाको नगरप्रमुख भएको एक बर्ष अनुभव सम्हालिसक्नु भएका तामाङले विकासको गतिलाई तीव्ररुपमा दौडाइरहनु भएको छ। चैनपुर नगरपालिकालाई नै सर्वोपरी मानेर अहोरात्र लागिरहनु भएका नगरप्रमुख तामाङलाई उपप्रमुख एलिना श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत किरणप्रसाद ढकाल, वडाअध्यक्षहरू तथा स्थानीय प्रतिनिधिहरूले साथ दिइरहनुभएको छ।*

*चैनपुर नगरपालिकाको विकास निर्माणको काममा एक वर्षमा केही ईँटा थपिएको र चैनपुरवासीमै समर्पित हुनका लागि आफुले सङ्कल्प लिएको नगरप्रमुख तामाङको भनाई छ। चैनपुर छोडेर बाहिर जाने तथा बाहिर नै लगानी गर्नेहरूले अव चैनपुर फर्केर आआफ्नो ठाउँबाट सहकार्य गरेमा मात्र सम्बृद्ध चैनपुर बन्ने नगरप्रमुख तामाङको भनाई छ। चैनपुर नगरपालिका एक्लैले भन्दा पनि सबै मिलेर चैनपुरको विकासमा हातेमालो गर्न प्रमुख तामाङको अनुरोध छ। चैनपुर नगरपालिकाले गरिरहेका कार्य र भावी योजनाका विषयमा नगरप्रमुख कृष्णकुमार तामाङसँग गरिएको कुराकानी :*

**● चैनपुर नगरपालिकाको नेतृत्व सम्हालेको एक वर्ष पुरा भएछ, तपाईले एक बर्ष कसरी पुरा गर्नुभयो ?**

धन्यवाद, मैले चैनपुर नगरपालिकाको जिम्मेवारी सम्हालेको एक बर्ष पुरा भएको छ। विकास निर्माणको काममा यो एक वर्षमा केही इट्टा थपिएको छ जस्तो लाग्छ। मान्छेका विभिन्न आशाहरूलाई एकैपटक समेट्न नसकिएतापनि विस्तारै स्थानीय जनताको इच्छा, आकांक्षा र समस्याहरूलाई सम्बोधन गर्नुपर्छ भन्ने मैले दृढरुपमा सङ्कल्प लिएको छु।

**● तपाईले चुनावअघि स्थानीय जनतासामु गरेका प्रतिवद्धता अनुसार केके कामहरू पुरा गर्न सक्नुभयो त ?**

हामीले सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, पशु, पर्यटन सबै क्षेत्रमा विकास गर्छौ भनेर प्रतिवद्धता जनाएका थियौं। एकैचोटी सबै पुरा

गर्न सकिने अवस्था हुने रहेनछ, हामीले बिस्तारै केही काम थाल्यौ र हामी निर्वाचित भएको पनि एक वर्ष भएको छ। एक बर्षिय कार्यक्रमहरू अहिले धमाधम हुँदैछन् भने केही कामहरू बाँकी छन्। विकासको पहिलो प्राथमिकतामा हामीले सडक निर्माण तथा मर्मतलाई दिएका छौं।

नगरपालिका र संघको साझेदारीमा सडकको काम भइरहेको छ। खराङ, हात्तिसुडे हुँदै पिलुवाखोला सडक जुन हिजोबाटै बहुवर्षिय योजनामा पर्दै आएको थियो त्यसलाई हामीले अहिले पनि निरन्तरता दिएका छौ। चैनपुर नगरपालिकाकै भण्डारीमोडमा रहेको बाटो कालोपत्रे भएको छ। अर्को, चैनपुर रातमाटे माओदिनको बाटो कालोपत्रे हुँदैछ। त्यसैगरी चैनपुर सिरानबाट संखुवासभा बहूमुखी क्याम्पसको मोडबाट साउनेपानी भ्यागुते ढुंगा हुँदै सिद्धकाली जाने डेढ किलोमिटर बाटो ढलान र कालोपत्रे हुँदैछ। यस्तै हामीले चैनपुर बजारबाट भञ्ज्याङखर्क हुँदै खाँदबारी जाने सडक पनि निर्माण गर्दै छौ। त्यहाँ पनि करिब ५ सय मिटर ढलान गरिसकेका छौ। नगरले ठूला बजेटबाट निर्माण गरेका सडकहरू यीनै हुन्। यसका अतिरिक्त वडामा वडाध्यक्षहरूले पनि सानातिना बाटाहरूमा सोलिङ, दायाबाँया चौडा गर्ने कामहरू गरिरहनुभएको छ। नगरपालिकाकै पहलमा चैनपुर, हेवाखोला, बाह्रबिसे सडकमा काम भइरहेको छ।

हामीले २ वटा झोलुङ्गे पुल पनि वडा नं ४ र १० मा निर्माण गरेका छौ। यहाँ खानेपानीको समस्या समाधान गर्नको लागि वडा नं १० मा अरुण सभा खोला र पिलुखा खोलाबाट लिफ्टिङ गरेर खानेपानीको समस्या समाधान गरिरहेका छौ भने ११ वडामा पानी खान थालिसकेका छन्। र त्यो सँगसँगै सिँचाईको काम पनि हामीले गरिरहेका छौ। त्यसैगरी वडा नं ४ को सेवाखोलाबाट बृहत् खानेपानी निर्माण हुँदैछ।

> चैनपुर ऐतिहासिक, प्राकृतिक तथा धार्मिकरुपमा पर्यटक तान्ने क्षेत्र हो। तर, विडम्बना चैनपुरमा जन्मिएर बाहिर बसेका अनि चैनपुरमै रहेर आयआर्जन गरिरहेकाहरू पनि आफ्नो ठाउँमा लगानी गर्न चाहिरहेका देखिदैनन्। बाहिरबाट आउनेलाई यहाँ बस्न खान राम्रो सुविधाको लागि स्तरीय होटलहरूको व्यवस्था गर्नुपर्छ।



**● विकास निर्माणका साथै कृषि तथा पशुपालनको पुरानो शैलीलाई परिवर्तन ल्याउनको लागि नगरपालिकाले केही गरेको छैन ?**

हामीले यसका लागि कार्ययोजना पनि बनाएका छौ। यहाँका युवायुवती रोजगारको शिलशिलामा विदेशिने गरेका छन् र यही रहेका युवाहरूलाई कसरी रोजगार दिन सकिन्छ भनेर विभिन्न कार्यक्रमहरू पनि राखेका छौ। हामीले कृषिसँग सम्बन्धित केही कार्यक्रमहरू राख्यौ। जस्तै भैसी पाल्नेहरूलाई अनुदानसहित भैसी दिने, बाख्रा पालनका लागि बोका तथा बाख्राहरू दिने गरिरहेका छौ। आयआर्जन बढाउनका लागि हामीले कृषिसँगै पशुपालनलाई जोडेर उन्नत जातका बोयर बोकाहरू वितरण गर्‍यौ। हामीले फलफूलका विरुवाहरू पनि दियौ। जस्तै वडा नं. ५ अन्तर्गत सुन्तलाको पकेट क्षेत्र भनेर घोषणा गरेर सुन्तलाका विरुवाहरू दिएका छौ र त्यहाँ सुन्तला धमाधम उत्पादन हुन थालेका छन्।

हामीले नगरपालिकाबाट छुट्टै कार्यक्रम बनाएर ब्यागहरू बनाउनको लागि तालिम संचालन गर्‍यौ, ड्राइभिङ सेन्टर संचालन गरेर तालिम दियौ। केश काट्नका लागि मान्छेहरू बाहिरबाट आउने र तिनीहरूले यहाँबाट धेरै पैसा बाहिर लगेकोले त्यो पैसालाई यही रोक्नको लागि हामीले केश काट्ने तालिम पनि दियौ। प्रधानमन्त्री रोजगार कार्यक्रम उत्पादनमुखि बनाउने हाम्रो सोच छ। र निश्चित ठाउँ दिएर निश्चित काम लगाउने जस्तै चिया खेती गर्न लगाउने र त्यो उत्पादन नगरले प्राप्त गर्ने हामीले सोच बनाएका छौ। यसरी नै हामीले फलफूल, किवी, सुन्तला, आँप, लिचि दाँतेओखरका बिरुवा वितरण गरेका छौ। अहिले हामीले रोजगारको क्षेत्रमा यस्तै कामहरू गरिरहेका छौ र आगामी वर्षमा यसलाई बढाएर लैजाने छौ।

**● चैनपुर पर्यटकीय क्षेत्र पनि हो, पर्यटकलाई भित्र्याउनको लागि नगरपालिकाको योजना के छ ?**

हो, चैनपुर ऐतिहासिक, प्राकृतिक तथा धार्मिकरुपमा पर्यटक तान्ने क्षेत्र हो। तर, विडम्बना चैनपुरमा जन्मिएर बाहिर बसेका अनि चैनपुरमै रहेर आयआर्जन गरिरहेकाहरू पनि आफ्नो ठाउँमा लगानी गर्न चाहिरहेका देखिदैनन्। त्यसले गर्दा चैनपुरको भविष्य दिनप्रतिदिन खस्कदै गएको देख्छौ हामी। यसैले यहाँ स्थानीयको लगानीको पनि खाँचो छ। बाहिरबाट आउनेलाई यहाँ बस्न खान राम्रो सुविधाको लागि स्तरीय होटलहरूको व्यवस्था गर्नुपर्छ। चैनपुरको खानपान चिजबिज किन्न पाउनुपर्छ। सबैको सहकार्य तथा हातेमालो भयो भने चैनपुरमा पर्यटक धेरै भित्र्याउन सकिन्छ। दुर्भाग्य यहाँ अहिले चैनपुरे करुवा पनि बन्न छोडेको छ। हामी चैनपुरे करुवा चैनपुरमानै बन्नुपर्छ भनेर लागिरेका छौं।

**● चैनपुरको जिरो पोइन्टमा निर्माण भएको 'करुवा पार्क'को विषयमा बिवाद कसरी भयो ?**

हामी यसलाई विवाद भन्दा पनि बढि हल्लाखल्ला मात्र भएको मान्छौ। खासगरि त्यो करुवा यहाँका मानिसहरूले बनाउन नसक्ने भएपछि ललितपुरका कालिगढलाई बनाउन दिएको र यहाँ राखिसकेपछि चैनपुरको करुवा भनेजस्तो नभएको कारण यो विवाद आएको हो। अब केही महिनामा करुवा बनाउने ठेकेदारले चैनपुरको नमूना करुवा बनाएर राख्ने र अहिले प्रतिकात्मकपमा राखिएको करुवा लैजाने सहमति भइसकेको हुँदा अब कुनै विवाद वा समस्या छैन।

हामीले बजारमा करुवाको नमुना खोज्न जाँदा कहीपनि एकरुपको करुवा पाएनौ । त्यही भएर पनि भनेजस्तो करुवाको आकार नआएको हो। त्यही भएर चैनपुरवासीले पनि आफ्नो पेशा लोप हुँदै गएकोमा चिन्ता गर्नुपर्छ। चैनपुरे करुवा

लोप दिन हुँदैन र निमार्णमा प्रोत्साहन गर्नुपर्छ भनेर नगरपालिकाले आर्थिक सहयोग गरेको छ।

**● समृद्ध चैनपुर नगरपालिका बनाउन तपाईका योजनाहरू केके छन् ?**

नगरलाई समृद्ध बनाउनका लागि यसलाई पर्यटनसँग जोड्ने र आयआर्जन बढाउने भन्ने नै हो। अब चैनपुरमा होटल व्यवसायहरू चलाएर, स्थानीय उत्पादन बढाएर, स्थानीयलाई आयआर्जनको स्रोत बढाइदियो भने उनीहरूको स्तर बढ्छ भन्ने लागेको छ। त्यसैगरी आधुनिक कृषि, पशुपालन, नगदेवालीलाई पनि जोड्नुपर्छ भन्ने लागेको छ।

अहिले भएका जमिनहरू बाँझो राखेर शहरउन्मुख हुने क्रम बढ्दो छ। यस्ता व्यक्तिहरूलाई गाउँमै फर्काउने, खेती लगाउने र आयआर्जनतिर लगाएर समृद्ध बनाउने भन्ने हाम्रो योजना छ। हामीले उनीहरूलाई कृषिऔजार, हातेट्र्याक्टर, पाइपहरू बाँडेका छौ। उनीहरूलाई समृद्ध बनाउन रोजगारमा जोड्न लागेका छौ। त्यो चाँहि हामीले भनेर मात्रै पनि हुँदैन गर्नेसँग पनि भर पर्छ।

**● तपाईले सम्बृद्ध चैनपुर बनाउन देखेका सपना पुरा गर्नका लागि चैनपुरवासीलाई के आग्रह गर्नुहुन्छ ?**

कुनै पनि कार्य सफल पार्नका लागि एक जना मान्छेको केही पनि चल्दैन। यसमा सबैको साथ सहयोग चाहिन्छ। एउटा नगरप्रमुखले हिजो जुन सपना देखेर यहाँ आएको थियो, त्यो अवश्य पनि पुरा गर्न सकिदैन। प्रशासनबाट त्यत्तिकै साथ सहयोग चाहिन्छ। शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र सुधार्न सबै लाग्नुपर्नेछ। उद्योगी, व्यापारी व्यवसायी, कृषक सबैले आ-आफ्नो ठाउँबाट लाग्ने हो भने यो ठाउँ बन्छ। अब आफै सच्चिएर अघि बढनुपर्छ। अरुलाई भन्ने तर आफू नसच्चिने हो भने यो कुनै पनि हालतमा हुँदैन। त्यसकारण आफ्नो ठाउँ बनाउनका लागि हरेक क्षेत्रको मान्छेले हातेमालो गर्नुपर्छ।

**● अन्त्यमा, चैनपुर नआएका तथा चैनपुरका बारेमा थाहा नपाएकाहरूका लागि तपाईको के सन्देश छ ?**

चैनपुर, एउटा पुरानो ऐतिहासिक बजार हो। चैनपुर भनेपछि पूर्वमा कहलिएको ठाउँ हो। चैनपुर बजार निकै धनीहरू बसेको ठाउँ पनि भनिन्छ। चैनपुरको तल अरुण नदीदेखि लिएर माथि गुफापोखरी, जलजले मिल्के डाडाहरूसम्म पर्छ। बोटबिरुवा, हावापानी तथा खोलानाला फरक किसिमको हुनाले यो नगरपालिका अलि फरक छ। चैनपुर संखुवासभा जिल्लाको पुरानो सदरमुकाम पनि हो। यो अरुण नदीदेखि हिमालसम्म जोडिएको छ। धार्मिक तथा पर्यटकीय स्थलले घेरिएको चैनपुरमा नुनढाकी तातोपानी, सिद्धकाली मन्दिर, वानेश्वर मन्दिरको दर्शन गर्न पाइन्छ। चैनपुर नआउनु भएका तथा आउन चाहनेहरूले हवाई तथा स्थलमार्ग प्रयोग गरेर आउन सकिन्छ। सबैलाई चैनपुर नगरपालिका स्वागत गर्न आतुर छ।

## वैदेशिक रोजगारीमा गएका श्रमिकलाई मनोपरामर्श आवश्यक

वैदेशिक रोजगारीमा गएका श्रमिकहरूलाई मनोपरामर्श आवश्यक भएको सरोकारवालाले बताएका छन्।

काठमाडौंमा आयोजित एक अन्र्तक्रियामा सहभागी सरोकारवालाहरूले वैदेशिक रोगजारीमा जानेहरूमा मानसिक र गम्भीर प्रकृतिका शारिरीक समस्या धेरै हुने गरेको भन्दै स्थानीय तहबाटै सचेतनामूलक कार्यक्रम आवश्यक भएको बताएका हुन्।

धेरै जसो वैदेशिक रोजगारीमा खाडी मुलुक गएका नेपाली श्रमिकहरूमा मृगौला फेल हुने, मुटुको समस्या, मानसिक रोग लगायतका समस्याहरू पाइएको अधिकारकर्मी सुनिल न्यौपानेले बताए।

विदेश गएर फर्किएका श्रमिकहरूको केन्द्र सरकारले प्रदेश तथा स्थानीय सरकारसंग पहल गरी श्रमिकहरूलाई विदेश जानु पूर्व र फर्किएपछि स्वास्थ्य परीक्षण अनिवार्य गराउनुपर्ने उनको भनाई छ।

पौरखी नेपालद्वारा आयोजित कार्यक्रममा सहभागी अधिकारकर्मीहरूले वैदेशिक रोजगारीमा गएका र फर्किएर आएका श्रमिकहरूमा मानसिक र शारिरीक समस्या बढ्दो रुपमा रहेको पाइएको भन्दै त्यसबारे बेलैमा सबैले सचेत हुनुपर्ने धारणा राखेका थिए।

विदेश गएर फर्किएका धेरै श्रमिक दीर्घ रोग र मानसिक रोगको सिकार भएको पौरखी नेपालको ठहर छ।

पौरखी नेपालले लामो समयदेखि वैदेशिक रोजगारीमा गएका आप्रवासी श्रमिकको हक अधिकारलाई कानूनी र व्यवहारिक रुपमा सुनिश्चित र सुरक्षीत गर्नका लागि कार्य गर्दै आएको छ।


## तारकेश्वर नगरपालिकाको अनुरोध

- आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं।
- समयमै कर तिरी जरिवानाबाट बचौं।
- करको चर्चा घरघरमा गरौं।
- हामीले तिरेको कर हाम्रै लागि।

तारकेश्वर नगरपालिका

काठमाडौं, बाग्मती प्रदेश, नेपाल




# श्रमशील प्रमिला



• बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

> श्रीमान् तीन वर्ष मलेशिया बसेर नेपाल फर्कनु भएको हो। गाउँमा मलिलो जग्गा भए पनि छोराछोरी पढाउन भनेर काठमाडौंबासी बन्यौं। हामीनै शहरिया भयौँ, अब हाम्रा छोराछोरी यतैको रसमा हुर्के, बढे र बानी परे। रहँदा बस्दा विदेश जालान्। यो अर्को कुरा भयो तर, यहीँ देशमा केही गर्छु भन्ने नागरिकका लागि खै वातावरण ?

वर्तमान समयमा अर्थतन्त्र अफ्ठयारो परिस्थितिमै छ। यो कुरा ध्रुव सत्य हो तर, विश्व अर्थव्यवस्थामा यो नै पहिलो सङ्कट भने होइन। विज्ञहरूको भनाइ अनुसार यो पुँजीवादले उत्पन्न गरेको सङ्कट हो। यस्तो सङ्कट आउन थालेपछि मानिस मार्क्सका कृति पुँजी पढ्न थाल्छन्। पुँजीवादी व्यवस्थामा पुँजीपतिले बढी मुनाफा गर्न लालयित भएर अधिक वस्तु उत्पादन गर्ने गर्दछन् तर, बजारमा मानिसको क्रयशक्ति कमजोर भएपछि उत्पादित वस्तुको मागमा कमि आउँछ र बिक्री कम हुन थाल्दछ। वस्तुको मागमा कमी भएपछि उत्पादित वस्तु सडेर तथा गलेर खेर जाने अवस्था सिर्जना हुन्छ। फलतः यसले पनि सङ्कट उत्पन्न गरिदिन्छ।

गाउँमा सडक, खानेपानी, बिजुली, विद्यालय, स्वास्थ्यचौकीलगायत अनेक समस्या थियो। त्यो समय गाउँभरि मान्छे थिए, बस्थे। अहिले गाउँका घर आँगनमै सडक पुगेको छ। खानेपानी छ। विद्युत् तथा विकासका नयाँ-नयाँ संरचना धमाधम निमार्ण भइरहेका छन् तर, गाउँमा बस्ने मान्छे छैनन्। बसाई सराइको डरलाग्दो अवस्थाले शहर त भरियो भरियो। फेरि, शहरबाट विदेश पस्ने ताँती बयान गरी साध्य छैन, भएन। रित्तिदो गाउँ बृद्ध, असक्त र बालबालिका बस्ने थलो भयो। साँच्चै, यतिबेला गाउँमा मलामी जाने मानिस भेटिदैनन।

वर्तमान समय सामान्य मानिसलेसमेत अर्थतन्त्रको मन्दी अनुभूत गर्दै पीडा भोग्दैछन्। स्थानीय उत्पादनलाई बेच्ने अनि नुन, तेल, मसला, लुगाकपडा किन्ने त्यो बजारमा हिजोआज चहलपहल छैन। निराशामय वातावरण छ। चोक बजारमा बसेर व्यापार व्यवसाय सञ्चालन गर्न लिइएका सटर भाडा तिर्न नसकेर बन्द भएका छन्। फुटपाथ व्यापारी पनि खोइ कहाँ गए ?

विश्वभरि सन्त्रास फैलाउने कोरोना कहरले सबैलाई हायल कायल बनाएको बेला तमाम नागरिकको काम तथा जिम्मेवारी खोसियो। ज्याला आउने बाटो मेटियो। त्यसको प्रत्यक्ष असर फेरि एकपल्ट नागरिकले गाँस, बास र कपासको जोहोमा उत्रनुको विकल्प भएन। हो, रोग र भोकसँग सङ्घर्षरत नेपालीले राज्यले आफ्ना समस्या सम्बोधन गर्दिए हुन्थ्यो भन्ने आशा/अभिलासा राख्नु नाजायज हो ? कदापि होइन। तर, नेताले दिने भनेको आश्वासन मात्रै रहेछ। राज्य भनेको अभिभावक हो। तर, नेतृत्व

तहले नागरिकका समस्या समाधान गर्लान् भनेर सोच्नु, विचार विमर्श गर्नु बेकार सावित भैरहेको छ। नत्र आफैँलाई आगो लगाएर नास गर्ने दिन आउने थिएन। वर्तमान समयको वास्तविकता यही हो।

ढुङ्गा माटो खान नमिल्ने। अहिले काम गरेर भरे गर्जो टार्ने परिवार कति छन् ? । पुर्खाको सम्पत्ती संरक्षण गर्नु पर्छ भन्ने मान्यता छ, यद्यपि प्रमिला बुढाथोकीका परिवारले गाउँ छाडेको डेढ दशक हुन लाग्यो। उनले पढेकी छैनन्। शिक्षाको त्यो पाटोबारे उनि भन्छिन्, आफ्नो नामसम्म लेख्न आउँछ। त्यो पनि छोराछोरीले सिकाएका हुन्। नत्र कसरी जान्नू ? हाम्रो पालाको समय अर्कै थियो। अर्कै जमाना थियो। त्यसमाथि गाउँको बास। त्यो बेला छोरीलाई पढाउने चलन थिएन। छोरालाई पढाउथे। अहिले सोच्दा, थकथक लाग्छ। आफूले नि पढ्नु पर्ने रहेछ। लेख्नु पर्ने रहेछ तर, बेलामा बुद्धि पुगेन।

किसानका घरमा हुर्कने बालबच्चाको काम घाँस काटो। दाउरा बोको। बारी खनो। मेलापर्म धायो। गाईवस्तु गोठालो गरो। पँधेराबाट पानी ल्यायो, अरु के गर्नु ? घरमा भएसम्मको सर्जाम भान्सामा जे पाक्छ, कपाकप खायो अनि मेलामा भिडो। भेटेको बेला नखाई नाकनिक गर्न थाल्दा पाएको भाग गुम्ने डर। हो, नेपालीमा उखानै छ नि, काम साचे आफूलाई खाना साचे अरुलाई। अन्न फलाउन खेतबारीमा काम नगरे के खानु ? अहिले जस्तो गाउँमा बजार पुगेको थिएन। हाट लाग्थ्यो। त्यता धाउन भनेपछि उधुम रहर हुन्थ्यो। त्यो दिन कहिले आउँला ? भनेर औँला भाँचिभाँचि गनिन्थ्यो।

प्रमिला भन्छिन्, रामेछाप मेरो माइती। काभ्रेपलाञ्चोक जिल्ला कोशीपारी चौरीदेउराली घर। १८ वर्षको उमेरमा बिहे भयो। मागी बिहे। रातिको बिहे दिनभरि हिँडेर घर पुर्‍याए। विधिपूर्वक बेहुली भित्राए। घरमा बुवाआमा (सासु ससुरा) को इच्छा विपरित चल्न जानिएन। मेरा दुईटै बच्चा गाउँमा जन्मेका हुन्, घरैमा। त्यतिखेरको समय अस्पताल जाने वा स्वास्थ्य चौकी धाउने, चलनै थिएन। आर्थिक भए पनि नभए पनि।

हरेक कुरा आखिर समय रहेछ। देश अनुसारको भेष, यसकारण बदलियो परिवेश। मसिना भुरा बढ्दै गए। आफू अनपढ भए पनि उनीहरूलाई त पढाउनु पर्‍यो तर, कहाँ, कसरी ? गाउँमा स्कुल नभएपछि के गर्नु ? त्यही बेला एउटा अठोट गरेर राजधानी छिर्‍यौँ। ओत लाग्नु नै परेपछि किन गाछी रोज्नु ? ठूलो रुख नै ठीक। संसारमा जायजेथा, सम्पत्ति भन्दा ठूलो शिक्षा रहेछ। हो, जीवनको त्यो उज्यालो पढेका मानिसलाई हेर्दा/देख्दा महसुस भयो।

हामी आमाछोरी बाउछोरा गरेर चार जनाको परिवार छौँ। सासु-ससुरा गाउँमै हुनुहुन्छ। निरोगी हुनाले अहिलेसम्म रमाएरै बस्नु भएको छ। बूढा ससुराकै पालामा जोडेको जमिन थुप्रो छ, तर सकेको जग्गामा मात्र खेती गर्नुहुन्छ। काम लगाउन गाउँमा मान्छे पाइदैनन्। यताबाट धाऊ साध्य हुँदैन। हामीले खर्च पठाउछौँ। आवश्यक औषधी पठाउछौँ। पारिवारिक भेटघाटका लागि हरेक वर्ष दशैँमा घर जान्छौँ। पढ्ने छोराछोरीलाई यताउता गर्दा ध्यान बिग्रेला भन्ने डर। त्यही पढाइकै लागि भनेर यति दुःख गर्नु छ, वातावरण दिन सकिएन भने के काम ?

अहिले छोराले १२ कक्षा सको। छोरीले एसईई दिएकी छन्। सानै कक्षादेखि नानीहरूलाई बोर्डिङ नै पढायौँ। स्कुलबाट उत्रिए तर, उप्रान्तका दिन कसरी कट्छन् ? भविष्यबारे केही थाहा छैन। जति ठूलो कक्षा उती नै बढी खर्च। कसरी धान्नू ? आम्दानीको स्रोत बढाउन छोरो 'सीप सिकेर विदेश जान्छु र काम गर्छु' भन्छ। एक मनले सोच्दा पठाउँ भन्ने लाग्छ। अर्को मन पढाइ नसकि केको काम ? पर्दैन, सजिलो हुँदैन जस्तो लाग्छ। कसरी सम्झाउँ ? मन दुविधामा छ, पुनः सम्झन्छुँ, बोडिङको पढाई। टाठै छ, आँटेको गर्छ, किन रोकौँ ? फेरि सम्झियो, घुमिफिरि रुम्जाटार भने जस्तो पैसाकै कुरो आउँछ। साँच्चै बाहिर जाने नै भयो भने कुन देश पठाउनु ? प्रक्रियागत खर्चको जोहो कहाँ खोज्नु, कता ऋण काड्नु ?

यतिखेर व्यापार छैन। बल्लतल्ल चार सयको चटपटे बिक्री हुन्छ। यही गाडा हो, दैनिक हजारको बिक्री हुँदा तीन सय फाइदा हुन्थ्यो। घरायसी कामबाट कमाएको पैसाले खान पनि पुग्दैन। अहिलेको बजारभाउँ कुरै नगरौ, कुनै चिज सस्तो छैन। ११ हजार त कोठा भाडा मात्रै तिर्नु पर्छ। साथै, एउटा परिवार सञ्चालन गर्न अरु कति कुरा आवश्यक पर्छ ? त्यसको लेखाजोखा नै छैन।

मेरो बुवा रोगी हुनुहुन्छ। महिनामा छ हजारको औषधी किन्नु पर्छ। माइतमा दाजुको जागिर छैन। उहाँ रामेछापमै खेतीपाती गर्नुहुन्छ। हामी काठमाडौंबासी दिदीबहिनीले आलोपालो बुवालाई औषधी पठाउछौँ। उहाँलाई पिसाव सम्बन्धी रोग छ। सुगर, दम, मुटुमा पनि समस्या छ। दुई सालको जन्म अब त बूढो पनि हुनुभयो। लाग्छ, संसारमा सबैथोक पाइन्छ तर जन्म दिने बुवाआमा पाइदैन। हो, यस हिसाबले म गर्भ गर्छु। ज्यालादारी काम भएपनि आफ्नो श्रमको पसिनाबाट जन्मदाताको सेवा गर्न सकेको छु। अवसर नछोपी बस्नु हो भने यो मौका पाउने थिएन।

मेरो श्रीमान् रङ्ग लगाउने काम गर्नुहुन्छ तर, उहाँको काम टुङ्गो हुँदैन। कहिले लगातार खटाइ पर्छ त कहिले महिनौँ खाली बस्नु पर्छ। उहाँ जुवातास खेल्नु हुन्न। चुरोट रक्सी पिउने बानी भएपनि कहिलेकाही खादा लडाइ झगडा नगरी चुपचाप सुत्नु हुन्छ। बच्चाहरू हुर्के। अभिभावक भएर नराम्रो बानी गरे उनीहरूले सिक्लान् भन्ने डर छ। यो भय सबै अभिभावकमा हुनुपर्छ जस्तो लाग्छ। तव न घर घर जस्तो हुन्छ।

बिहानदेखि काममा हिँड्यो। दैनिक एकचोटीका दरले चार घरमा ध्यावन्ती सकेर तीन बज्दा गाडा व्यापारमा निस्कनु पर्छ। अनि, साँझ ७ बजेसम्म चटपटे बेचेर कोठा पुग्छु। नियमित कामले शहरमा घर घडेरी जोड्न नसके पनि दुःखसुख खान लगाउन पुगेको छ। व्यवहार गर्न असजिलो परेका बेला ग्रामिण स्वास्थ्य महिला समुहबाट ऋण निकाल्ने गरेको छु। धेरै होइन, एक लाखसम्म। बढी लियो भने कसरी तिर्नु ? नेपालीमा उखानै छ नि, घाँटी हेरेर हाड निल्नु, कि होइन ?

श्रीमान् तीन वर्ष मलेशिया बसेर नेपाल फर्कनु भएको हो। गाउँमा मलिलो जग्गा भए पनि छोराछोरी पढाउन भनेर काठमाडौंबासी बन्यौँ। हामीनै शहरिया भयौँ, अब हाम्रा छोराछोरी यतैको रसमा हुर्के, बढे र बानी परे। रहदा बस्दा विदेश जालान्। यो अर्को कुरा भयो तर, यहीँ देशमा केही गर्छु भन्ने नागरिकका लागि खै वातावरण ? छैन। जति घडी बित्यो, झन्-झन् चर्को लाग्छ यो समय। यही हिसाबले भावी पुस्ताको मार्ग प्रसस्त होइन, अझ साँघुरो भएको छ। हे भगवान् ! यो देशमा हामी जस्ता श्रमशील जनताले सरकारको छहारीमा छौँ भनेर गर्व महसुस गर्ने दिन कहिले आउँला ?




# पहिलो गैरआवासीय नेपाली नागरिकता म आफैं हस्तान्तरण गर्नेछु : प्रधानमन्त्री प्रचण्ड

## प्रधानमन्त्री, गृहमन्त्री र श्रममन्त्रीसँग एनआरएनए प्रतिनिधीमण्डलको भेटवार्ता



गैरआवासीय नेपाली संघको प्रतिनिधीमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड), गृहमन्त्री नारायणकाजी श्रेष्ठ र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीलसँग छुट्टाछुट्टै भेटवार्ता गरी सरकारले नागरिकता विधेयक प्रमाणीकरण गरेकोमा धन्यवाद ज्ञापन गर्दै एनआरएनएले उठाउदै आएका अन्य मागहरू पनि सम्बोधन गरिदिन आग्रह गरेको छ। संघका उपाध्यक्ष आर.के शर्माको नेतृत्वमा बालुवाटारमा गएको एनआरएनए प्रतिनिधिमण्डलले प्रधानमन्त्री प्रचण्डलाई भेटी 'नेपाल नागरिकता ऐन, २०६३' लाई संशोधन गर्न बनेको विधेयक पारित गरेकोमा धन्यवाद ज्ञापन गरेको हो।

नेपालको संविधानले दिएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सहितको 'गैरआवासीय नेपाली नागरिकता' प्राप्त गर्ने मार्ग प्रशस्त भएकोमा एनआरएनएले औपचारिकरुपमा खुशी व्यक्त गरेको जनाएको छ। संघका उपाध्यक्ष शर्माले प्रधानमन्त्री प्रचण्डलाई धन्यवाद पत्र हस्तान्तरण गर्दै विदेशमा रहेका लाखौ नेपालीको मागको सम्वोधन भएकोमा २० औं लाख नेपाली खुशी भएको बताए।

भेटका क्रममा प्रधानमन्त्री प्रचण्डसँग विश्वभरि रहेका नेपालीहरूलाई मातृभूमिसँग जोड्न र विदेशमा आर्जन गरेको ज्ञान, सीप र पूंजीलाई नेपाल भित्र्याउन थप दायित्व बोध भएको उल्लेख गर्दै एनआरएनए उपाध्यक्ष शर्माले भने-'एक पटकको नेपाली सधैको नेपाली भन्ने मूलमन्त्र सार्थक बन्नेमा विश्वस्त भएका छौ।'

गैरआवासीय नेपालीहरूको नेपालमा भएको सम्पत्तिको सुरक्षा तथा लगानीको लागि समेत वातावरण तयार भएको र यथाशीघ्र नागरिकतासम्बन्धीको कार्यविधि बनाई कार्यान्वयनको चरणमा पुऱ्याउन शर्माले आग्रह गरे।

यस्तै एनआरएनए उपाध्यक्ष आर के शर्माको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटेर नागरिकता सम्वन्धी मुद्दा सम्बोधन भएकोप्रति धन्यवाद ज्ञापन गर्दै छिटै यो विधेयक कार्यान्वयनमा लैजानको लागि अनुरोध गरेको छ। साथै गैरआवासीय नेपालीलाई मताधिकारको प्रत्याभूतिको लागि नीति तथा कार्यक्रममार्फत सम्बोधन गरेकोमा पनि सरकारलाई आभार व्यक्त गरेको छ।

संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले नागरिकता विधेयक प्रमाणिकरणलाई युगकै सुन्दर उपहारको संज्ञा दिए। नागरिकता सम्बन्धी कार्यविधि तथा नियमावली बनाउने कार्य यथाशक्य छिटो अघि बढाउन र त्यसमा गैरआवासीय नेपालीको तर्फबाट समेत प्रतिनिधि समेट्न डा महतोले गृहमन्त्री श्रेष्ठमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराए।

सोही अवसरमा संघका उपाध्यक्ष आर के शर्माले ओमानमा आगामी जून २८ देखि ३० तारिखसम्म हुने मध्यपूर्वी क्षेत्रीय सम्मेलनका लागि गृहमन्त्रीलाई निमन्त्रणा गर्दै श्रमिकका हक, हित र अधिकारका लागि नेपाल सरकारले थप जिम्मेवारी बोध गर्नुपर्नेमा जोड दिए।

जवाफमा गृहमन्त्री श्रेष्ठले नागरिकता सम्बन्धी कार्यविधि तथा नियमावली बनाउने कार्यका लागि निर्देशन दिइसकेको र छिट्टै उक्त काम पूर्ण हुने विश्वास व्यक्त गर्दै विदेशमा बस्ने नेपालीलीलाई मताधिकार दिलाउन विदेशमा रहेका नेपालीको सूचि संकलनका साथै अन्य वातावरण बनाउन आफै क्रियाशिल हुने प्रतिवद्धता जनाए।

त्यसैगरी एनआरएनएको प्रतिनिधिमण्डलले श्रममन्त्री शरतसिंह भण्डारीलाई भेटेर ओमानमा हुने मध्यपूर्वी क्षेत्रीय सम्मेलनका लागि निमन्त्रणा गर्दै वैदेशिक रोजगारमा रहेका नेपालीहरूको वास्तविकता स्थलगतरुपमा बुझ्नका लागि आग्रह गरेको छ। भेटका क्रममा उपाध्यक्ष शर्माले मध्यपूर्वका केही देशमा महिला श्रमिकलाई पुनःश्रम स्वीकृतिमा लगाइएको रोक अन्त्य गर्नुका साथै इराक लगायतका मुलुकमा रोजगारीका लागि जान लगाइएको निषेधलाई पुनरावलोकन गर्न मन्त्री भण्डारीको ध्यानाकर्षण गराए।

श्रमिकलाई सामाजिक सुरक्षा कोषको दायरामा ल्याउन सरकार र एनआरएनएको सहकार्य अहम् हुने भन्दै ओमानमा हुने सम्मेलनबाट यसको बृहत् सुरुवात गरिने





जानकारी उपाध्यक्ष शर्माले दिए । उपाध्यक्ष शर्माले बैकिङ्ग च्यानलबाट रेमिट्यान्स पठाउनेलाई कम्तिमा पनि २ प्रतिशत इन्सेन्टिभको व्यवस्था गर्दै सामाजिक सुरक्षा कोषको सेवासुविधाको दायरा बढाउन आग्रह गरे ।

उनले भने -'सरकारको तर्फबाट कोषप्रति श्रमिकको आकर्षण बढाउन आवश्यक छ, यसमा सहकार्य गर्न एनआरएनए तयार छ ।' सो अवसरमा संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले लाखौं श्रमिकको रेमिट्यान्सलाई बैंकिङ च्यानलबाट ल्याउनसके मुलुकको राजस्वमा ठूलो टेवा पुग्ने धारणा राखे । सो अवसरमा मन्त्री भण्डारीले आफू श्रमिकका सबै समस्यासँग अभ्यस्त रहेको र आफ्नै कार्यकालमा सम्बोधनका लागि पहल गर्ने प्रतिबद्धता जनाए । मन्त्री भण्डारीले एनआरएनसँगको सहकार्यमा विदेशमा रहेका श्रमिकको हक अधिकार सुनिश्चित गर्न र सुरक्षित तथा मर्यादित रोजगारीका लागि प्रोत्सहित गर्न सरकारले काम सुरु गरिसकेको जानकारी दिए ।

नेपालीहरू जहाँ जसरी पुगेपनि उनीलाई 'देश छ र सरकारले गर्छ' भन्ने महसुस गराउने गरी रणनीतिक पहल सुरु गरेको मन्त्री भण्डारीको भनाइ थियो । विदेशमा रहेका श्रमिक, उनीहरूको अवस्था र उनीहरूलाई परेका समस्या पहिचान गर्न र सुरक्षित रोजगारका लागि प्रोत्साहित गर्न एकत्रित रुपमा डिजिटल रोजगार केन्द्रको अवधारणा ल्याई काम सुरु गरेको जानकारी मन्त्री भण्डारीले दिए ।

मध्यपूर्वका घरेलु श्रमिक माथि लगाएको रोक तथा विदेशमा रहेका नेपालीलाई बैधानिक बनाउने कार्यमा सरकारले काम गर्ने मन्त्री भण्डारीले प्रतिबद्धता जनाए । साथै, श्रममन्त्री भण्डारी र श्रम सचिव एकनारायण अर्यालले ओमानमा हुने मध्यपूर्वी क्षेत्रीय सम्मेलनमा सहभागि हुने प्रतिवद्धतासमेत जनाएका छन् ।

# राष्ट्रपति पौडेलद्वारा **नागरिकता विधेयक प्रमाणीकरण**, गैरआवासीय नेपालीद्वारा खुशी व्यक्त



राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेका छन् । अघिल्लो संसदले दुई पटकसम्म पारित गरेको नागरिकता विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरेपछि राष्ट्रपति कार्यालयमै रोकिएको थियो ।

अहिलेको सरकारले नागरिकतासम्बन्धी उक्त विधेयक पारित गर्न राष्ट्रपति पौडेलसमक्ष आग्रह गरेको थियो । गत जेठ १२ गतेको मन्त्रिपरिषद बैठकले नागरिकता विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने निर्णय गरेको थियो । राष्ट्रपति पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेको राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरले जानकारी दिएका छन् ।

नागरिकता विद्येयक पास भएपछि गैरआवासीय नेपालीहरूले स्वागत गरेका छन् । एनआरएनएका उपाध्यक्ष आरके शर्माले एनआरएनएले लामो समयदेखि उठाउँदै आएको नागरिकतासम्बन्धीको आवाजले सार्थकता पाएको र अब स्वदेशमा लगानी ल्याउनका लागि बाटो खुलेको बताएका छन् ।



# गैरआवासीय नेपाली नागरिकतामा सबै दलको एउटै प्रतिबद्धता

## एनआरएनए १५औं युरोप क्षेत्रीय सम्मेलन : १४ बुँदे प्राग घोषणा-पत्र जारी



गैरआवासीय नेपाली सम्बन्धी नागरिकताको विषयमा नेपालका प्रमुख दलका नेताहरूले साझा प्रतिबद्धता व्यक्त गरेका छन् । चेक रिपब्लिकको राजधानी प्रागमा आयोजित गैरआवासीय नेपाली संघको १५ औं युरोप क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले गैरआवासीय नेपालीहरूका मुद्धामा एक मत जाहेर गरेका हुन् ।

सम्मेलनको समापन गर्दै परराष्ट्रमन्त्री एनपी साउदले संविधानले गरेको परिकल्पनाभित्र गैरआवासीय नेपालीले नागरिकता पाउनेमा दुईमत नभएको बताएका छन । परराष्ट्रमन्त्री साउदले संविधानले नै व्यवस्था गरेर गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकता दिने भनी स्पष्ट व्यवस्था रहेकोले अबको केही समयभित्रै नागरिकताको मुद्दा सम्बोधन हुने बताएका हुन । गैरआवासीय नेपालीको नागरिकताको विषयमा दलीय रुपमा कुनै समस्या र विमति नभएको उनको भनाई थियो ।

यस्तै कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेसको संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले गैरआवासीय नेपालीका मुद्धामा नेपाली कांग्रेस सकारात्मक रहेको बताउदै गैरआवासीय नेपालीहरूको नागरिकता, सम्पतीको अधिकार, मताधिकारका विषयमा बिभिन्न कानूनहरूमा संशोधन गर्नु पर्नेमा जोड दिए ।

नेकपा एमालेका उपाध्यक्ष तथा संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले नेपालको संविधान निमार्णमा गैरआवासीय नेपालीहरूको समेत भूमिका भएको चर्चा गर्दै संविधानमा गैरआवासीय नेपाली नागरिकता प्रष्ट लेखिएकोले मूर्तता दिनुपर्ने र त्यसको लागि आफुहरू सहयोग गर्न तयार रहेको बताए । उनले गैरआवासीय नेपाली संघलाई सबै नेपालीहरूको साझा संस्थाको रुपमा विकास गर्न सबै दलीय शक्ति एक हुनुपर्नेमा पनि जोड दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले गैरआवासीय नेपाली सम्बन्धी नागरिकता समस्या नभएर पृथक र तत्काल सम्बोधन गर्नुपर्ने मुद्दा भएको भन्दै चर्चा गरे । उनले नेपालका राजनीतिक दलहरूलाई थप जिम्मेवारी दिनसमेत गैरआवासीय नेपालीहरूलाई आग्रह गरे ।

नेपाली नागरिकताको निरन्तरता, प्रवासबाट मतदान, सम्पतिको सुरक्षा र सामाजिक सुरक्षा सम्बन्धी अन्तरक्रियामा बोल्दै नेकपा माओवादीका सांसद खिमलाल देवकोटाले गैरआवासीय नेपालीहरूको मागप्रति प्रतिबद्धता व्यक्त गरे ।

समापन समारोहमा बोल्दै गैरआवासीय नेपाली संघका उपाध्यक्षहरू डा. हेम राज शर्मा र आरके शर्माले नेपाली नागरिकताको निरन्तरता, प्रवासबाट मतदान, सम्पतिको सुरक्षा र सामाजिक सुरक्षा लगायतका विषयमा कानूनी अड्चन तथा चुनौतीका बारेमा संस्थागत धारणा प्रस्तुत गरेका थिए ।

सम्मेलनमा भएका विभिन्न सत्रमा उपस्थित प्रतिनिधिहरूबीच स्मार्ट एनआरएनए, सदस्यता वितरण, निर्वाचन प्रकृया, एनआरएनए विधान र राष्ट्रिय समन्वय परिषद्हरूबीचको सञ्जालको बारेमा छलफल भएको थियो ।

यस्तै सम्मेलनमा राष्ट्रिय समन्वय परिषद्को प्रतिवेदन, महिला सम्मेलन, एनआरएनबीचको एकता (मिलाप), एनआरएनए मेघा प्रोजेक्ट, नेपाल प्रबर्द्धन, १० अर्ब लगानी, नेपाली नागरिकताको निरन्तरता, प्रवासबाट मतदानको अधिकार, सामाजिक सुरक्षा कोष, सीप, ज्ञान तथा प्रविधि हस्तान्तरण लगायतका विषयमा समेत व्यापक छलफल भएको थियो ।

चेक रिपब्लिकको राजधानी प्रागमा मे ५, ६ र ७ मा आयोजित सम्मेलन १४ बुँदे प्राग घोषणा-पत्र जारी गर्दै सम्पन्न भएको हो । सम्मेलनमा विश्वका ३९ देशका करिब ३ सय प्रतिनिधिहरू सहभागी थिए ।





# एनआरएनए अमेरिकाज्को क्षेत्रीय **स्वास्थ्य सम्मेलन**



प्रथम एनआरएनए अमेरिकाज क्षेत्रीय नेपाली स्वास्थ्य सम्मेलन सम्पन्न भएको छ। अमेरिकाको टेक्सस राज्यको ड्यालस क्षेत्रमा आयोजना गरिएको उक्त सम्मेलन मे २६ देखि २८ सम्म सञ्चालन भएको थियो।

मे २६ र २७ मा भौतिक रूपमा उपस्थिति भै सम्मेलन संचालन गरिएको थियो भने २८ का दिन भर्चुअल माध्यमबाट संचालन भएको थियो। सम्मेलनमा विभिन्न बिज्ञहरूले विभिन्न बिषयमा प्रस्तुति गरेका थिए।

सम्मेलनको पहिलो दिन मे २७ मा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय स्वास्थ्य विभागका सभापति डा. सञ्जिव सापकोटा तथा एनआरएनए अमेरिकाका स्वास्थ्य समितिका सभापति डा. प्रकाश श्रेष्ठले स्वागत तथा कार्यक्रमबारे जानकारी गराएका थिए।

यस्तै स्वास्थ्य तथा मनोरञ्जनको हेतुले दोश्रो दिन मे २७ का दिन ५ किमि हिडाई तथा दौडको आयोजना गरिदै सम्मेलनको दोश्रो सुरुवात गरिएको थियो। दोश्रो दिन टेक्सस राज्यकै युलेस शहरबाट नगर परिषद सदस्यमा निर्वाचित भएका टिका पौडेल प्रमुख अतिथि रहेका थिए। प्रमुख अतिथि पौडेल, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका महासचिव गौरी जोशी लगायतले सयुक्त रूपमा सम्मेलनको उदघाटन गरेका थिए।

सम्मलेनमा दर्जनौं चिकित्सक तथा बिज्ञहरूले प्रस्तुति गरेका थिए। प्रस्तुति गर्नेहरूमा स्वास्थ्य परिचारिका (नर्स पेशा)सम्बन्धमा डा. विभा गौतम र अन्जु खरेल, मानसिक स्वास्थ्य सम्बन्धमा रेखा कोइराला, दाँत सम्बन्धमा दन्त्य रोग विशेषज्ञ स्मृति राजभण्डारी अमात्य, मधुमेय रोग सम्बन्धमा डा. निल अमात्यलगायत थिए।

तेश्रो दिन मे २८ का दिन आध्यात्मिक गोष्टी लगायतका कार्यक्रमको आयोजना गरिएको थियो। नेपालबाट नै आध्यामिक सम्बन्धमा जीवन विज्ञानका गुरुदेव एलपी भानुले बोलेका थिए। उक्त प्रथम स्वास्थ्य सम्मेलन ड्यालस घोषणासहित सम्पन्न भएको छ।

# सडकबाट उद्धार गरिएका बालबालिकाको व्यवस्थापनमा एनआरएनएले सघाउने

सडकबाट उद्धार गरि नेपाल सरकारले व्यवस्थापन गरिरहेका बालबालिकालाई गैरआवासीय नेपाली संघ (एनआरएनए)ले सघाउने भएको छ। उक्त कार्यका लागि संघ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपाल (यूसेप)बीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। गैरआवासीय नेपाली संघको महिला विभागको 'एक गैरआवासीय नेपालीको प्रतिबद्धता, एक असहाय बालबालिकाको सहारा' परियोजनाका लागि उक्त सम्झौता भएको हो।

उक्त सम्झौतापत्र अनुसार गैरआवासीय नेपाली संघले ५० जना बालबालिकालाई एक वर्षसम्म शिक्षा, स्वास्थ्य लगायतमा आवश्यक आर्थिक रकम उपलब्ध गराउनेछ।

सम्झौता अनुसार प्रत्येक बालबालिकाले मासिक रुपमा ५ हजार रुपैंयाका दरले एक वर्षसम्म सहयोग रकम प्राप्त गर्नेछन्। उक्त रकम यूसेपले बालबालिकाका लागि खर्च गर्नेछ। गैरआवासीय नेपाली संघले राष्ट्रिय बाल अधिकार परिषद्ले सडकबाट उद्धार गरि आफ्नो निगरानी रहने गरेर बालबालिका व्यवस्थापन गरिरहेको संस्था यूसेपलाई विभिन्न अनुगमन तथा स्थलगत भ्रमण गरेर सहयोगका लागि छनोट गरेको हो।



उक्त अवसरमा संघकी सचिव एवं यस परियोजनाकी संयोजक टीका गुरुङले नेपाललाई सडक बालबालिकारहित बनाउने कार्यमा सरकारसँग जोडिएर सहकार्य मा अघि बढाउन पाएकोमा खुशी व्यक्त गरिन्। विभिन्न चरणका छलफल, स्थलगत भ्रमण र सम्बन्धित निकायसँगको अनुगमनपछि सरकारकै रेखदेखमा परियोजना अघि बढाउन पाएको भन्दै उनले धन्यवाद प्रकट गरिन्। उक्त अवसरमा संघकी उपाध्यक्ष एवं महिला विभागकी प्रमुख यास्मिन बेगम सैयदले गाँस, बास र कपासबाट वञ्चित र अभिभावकबाट छुटेर सडकमा पुगेका बालबालिकालाई व्यवस्थापन गरि उनीहरूको भविष्यको लागि केही गर्न पाउँदा गर्व महसुस भएको बताइन्।

यस्तै, राष्ट्रिय बालअधिकार परिषद्की सदस्य सचिव इन्द्रादेवी ढकालले सरकारले गैरआवासीय नेपाली संघको सहयोगलाई पारदर्शी रुपमा बालबालिकाको संरक्षण र सुसारका लागि प्रयोग गर्ने र त्यसमा आफूले प्रत्यक्ष अनुगमन र निगरानी राख्ने बताइन्।

यस्तै, न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपाल (यूसेप)का निर्देशक केशव सुवालले बालबालिकाका लागि प्राप्त सहयोगलाई उनीहरूको लालनपालन तथा स्वास्थ्य, शिक्षामा प्रयोग गरि उनीहरूको उज्वल भविष्यको लागि कटीबद्ध भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे। सो अवसरमा परिषद्, यूसेप र एनआरएनए सचिवालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो।

# महासंघको नयाँ कार्यसमितिलाई हिमालय सीमापार वाणिज्य संघको बधाई

## व्यवसायीको हकहितमा काम होस् : संघ

नेपाल हिमालय सीमापार वाणिज्य संघले नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं वार्षिक साधारणसभाबाट निर्वाचित कार्यसमितीलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ।

संघले काठमाडौंको नयाँ बानेश्वरस्थित एभरेष्ट होटलमा एक औपचारिक कार्यक्रमको आयोजना गरी महासंघका नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना ज्ञापन गर्दै सम्मान गरेको हो।

महासंघका नवनिर्वाचित कार्यसमितीलाई बधाई तथा सम्मान प्रकट गर्दै संघका अध्यक्ष अशोककुमार श्रेष्ठले महासंघ र हिमालय सीमापार वाणिज्य संघको सम्बन्ध आगामी दिनमा अझ प्रगाढ, सुदृढ र समधुर बनाउँदै लैजाने प्रतिवद्धता जनाए। साथै उनले महासंघलाई व्यापारी व्यवसायीहरूका हकहितका लागि अझै बढी काम गरिदिन आग्रह गरे।



कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले संघले महासंघको नवनिर्वाचित कार्यसमितीलाई गरेको सम्मानले आफूहरूमा थप जिम्मवारी बढेको महशुस भएको बताए। उनले व्यापारी व्यवसायीहरूका समस्या समाधान गर्न महासंघ सधैं लागिरहेको बताउदै आगामी दिनहरूमा पनि हातेमालो गर्दै अगाडि बढने विश्वास दिलाए।

महासंघको पहिलो प्राथमिकता नै देशको अर्थतन्त्रलाई पुरानै लयमा फर्काइ उद्योगी व्यवसायीहरूलाई यसबाट बाहिर निकाल्नु रहेको बताउँदै उनले व्यवसायीहरूले पनि हरेक नकारात्मक घटनालाई देशको अर्थतन्त्रसँग जोड्ने गरेको र यस्ता कार्य कसैले पनि नगरिदिन आग्रह गरे।

त्यस्तै महासंघका बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले अहिलेको अर्थतन्त्र लथालिङ्ग भएपनि भताभुङ्ग नभएको र लथालिङ्ग भएको अर्थतन्त्रलाई महासंघले सुधार्दै लैजाने विश्वास दिलाए। उनले व्यापारी व्यवसायीहरूका धेरै समस्याहरू अझै पनि समाधान हुन नसकेको बताउँदै समस्या समाधानका लागि सरकारलाई महासंघले ध्यानाकर्षण गराउने बताए।

कार्यक्रममा संघका प्रथम उपाध्यक्ष रामहरी कार्कीले महासंघले व्यापारी व्यवसायीहरूका लागि धेरै कामहरू गरेको र आगामी दिनहरूमा पनि व्यापारी व्यवसायीहरूको हकहितको लागि काम गर्नेमा आफुहरू आशावादी रहेको बताए।

साना तथा मझौला व्यवसायीहरूको साझा संस्था नेपाल हिमालय सीमापार वाणिज्य संघ स्थापनाकालदेखि नै व्यापारी व्यवसायीहरूका समस्या, पिरमर्का, र हकहितका लागि आवाज उठाउँदै आएको संस्था हो। अझै पनि व्यापारी व्यवसायीहरूका धेरै समस्याहरू यथावत् नै रहेको र यसको समाधानका लागि कटिबद्ध भएर लाग्ने संघले जनाएको छ।

---

# एनएमबि बैंक र स्मार्टच्वाइस टेक्नोलोजिजबीच सम्झौता

स्मार्ट च्वाइस टेक्नोलोजी लिमिटेड (एससीटी) र एनएमबि बैंकबीच विभिन्न डिजिटल च्यानल सेवाहरू प्रयोग गर्ने सम्झौता भएको छ।

सम्झौतामा स्मार्ट च्वाइस टेक्नोलोजी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु र एनएमबि बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुदेश उपाध्यायले हस्ताक्षर गरेका छन्।

NMB BANK
एनएमबि बैंक

बैंकले ग्राहकहरूको बदलिँदो वित्तीय प्राथमिकतालाई सम्बोधन गर्न विभिन्न प्रकारका समयसान्दर्भिक योजनाहरू ग्राहकहरू माझ प्रस्तुत गर्दै आइरहेको उल्लेख गर्दै यस सम्झौताले ग्राहकलाई विभिन्न डिजिटल च्यानलहरू प्रयोग गर्न प्रोत्साहन गर्दै ग्राहकवर्गहरूलाई डिजिटल प्रणाली प्रयोगमा अभ्यस्त गर्न निर्णायक भूमिका खेल्न सक्ने विश्वास लिएको जनाएको छ।

एनएमबि बैंकले हाल देशभरि २०१ शाखाहरू, १३८ एटीएमहरू र १२ एक्सटेन्सन काउन्टरहरूमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

# ‘बेष्ट फाइनान्स’को १६औं शाखा बाग्लुङको गल्कोटमा




नेपाल राष्ट्र बैकबाट ‘ग’ वर्गको इजाजतपत्र प्राप्त ‘बेष्ट फाइनान्स कम्पनी लिमिटेड’ले बाग्लुङको गल्कोट नगरपालिका वडा नं. ३, हटिया बजारमा शाखा कार्यालय संचालनमा ल्याएको छ।

गलकोटमा सञ्चालनमा ल्याइएको बेष्ट फाईनान्सको उक्त शाखा कार्यालयको गलकोट नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरे तथा गैरआवासीय नेपाली संघ (एनआरएनए)का उपाध्यक्षद्धय तथा फाइनान्सका मुख्य लगानीकर्ता राजेन्द्र कुमार शर्मा र रोविन्द प्रसाद श्रेष्ठ (गोविन्द)ले सयुक्तरुपमा उदघाटन गरेका छन्।

उद्घाटन समारोहमा बोल्दै गलकोट नगरपालिकाका नगर उपप्रमुख निउरेले बेष्ट फाइनान्सको शाखा संचालनले गलकोट क्षेत्रमा वित्तिय पहुँच वृद्धि गर्न सहयोगी भूमिका खेल्नेमा आफु आशावादी रहेको बताए। उनले यस संस्थालाई गलकोटमा वित्तिय कारोबार मात्र नगरी उत्पादनको क्षेत्रमा समेत लगानी गर्नको लागि आग्रह गरे।

एनआरएनएका उपाध्यक्ष तथा मुख्य लगानीकर्ता आरके शर्माले स्थानीय तहमा रेमिट्यान्सको सहि सदुपयोग र स्थानीय जनतामाझ बैंकिङ पहुँच बिस्तार मात्र नभएर ग्रामीण क्षेत्रसम्म एनआरएनको लगानी पुऱ्याउने लक्ष्य अनुसार बेष्ट फाइनान्सको शाखा बाग्लुङको गलकोटमा संचालनमा ल्याइएको बताए।

यस्तै एनआरएनएका उपाध्यक्ष तथा अर्का मुख्य लगानीकर्ता रोविन्द प्रसाद श्रेष्ठ (गोविन्द)ले आफु जन्मेको ठाँउमा वित्तिय क्षेत्रमार्फत लगानी भित्रयाउन पाएकोमा खुसी महसुस भएको बताए।

कार्यक्रममा बेष्ट फाइनान्स कम्पनी लिमिटेडका अध्यक्ष खिमलाल पौडेलले बेष्ट फाईनान्सबाट ढुक्कले कारोबार गर्नको लागि सम्पूर्ण स्थानीयवासीलाई आग्रह गरे भने फाइनान्सका प्रमुख कार्यकारी अधिकृत उमेशसिंह भण्डारीले कृषि, साना उद्यम तथा स्थानीय उत्पादनमा लगानी बढाउन गल्कोटमा शाखा खोलिएको जानकारी दिँदै यस फाइनान्सको सेवा देशैभर बिस्तार गर्ने तयारी रहेको बताए।

कार्यक्रममा गलकोट उद्योग वाणिज्य संघका अध्यक्ष विरेन्द्र श्रेष्ठले शुभकामना मन्तव्य राखेका थिए। बेष्ट फाइनान्सका अध्यक्ष खिमलाल पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शाखा प्रवन्धक ध्रुव पौडेलको स्वागत गरेका थिए भने फाइनान्सका सञ्चालक प्रमुख राजेश पुरीलले संचालन गरेका थिए।

गैरआवासीय नेपालीद्धारा प्रवद्धित वेष्ट फाईनान्सले गत वर्षको साउन महिनादेखी १६ औं शाखाको रुपमा गलकोटबाट कारोबार सुरु गरेकोमा अहिले औपचारिक सुभारम्भ गरिएको हो। बेष्ट फाइनान्सले देशका विभिन्न ठाँउका १८ वटा शाखा कार्यालयमार्फत सेवा प्रवाह गरिरहेको छ।

वेष्ट फाइनान्सले अनलाईन बैंकिङ, क्यूआर कोड लगायतका सेवाहरू प्रदान गर्दै आईरहेको छ। कम्पनीको प्रधान कार्यालय काठमाण्डौको कमलादीमा रहेको छ।

---

# ‘आइएमई पे’मार्फत एयरलाइन्सको टिकट काट्दा १२५ रुपैयाँभन्दा बढी क्यासब्याक

आइएमई डिजिटल सोलुसन लिमिटेडको ‘आइएमई पे’ मार्फत विभिन्न एयरलाइन्सको टिकट काट्दा सेवाग्राहीहरूले रु १२५ प्लस क्यासब्याक पाउने भएका छन्।

आइएमई पे मार्फत टिकट काट्ने ग्राहकले एयरलाइन्स कम्पनी बमोजिमको रु ७५ वा त्यो भन्दा बढी क्यासब्याक पाउनुका साथै आइएमई पेको ‘बोनस’ नामक प्रोमोकोड प्रयोगमा थप रु ५० गरि कम्तिमा रु १२५ वा सो भन्दा बढी क्यासब्याक पाउन सक्ने छन्।उक्त प्रोमोकोड जेठ ७ देखि असार ६ गतेसम्म प्रत्येक ग्राहकले एक पटक मात्र प्रयोग गर्न पाउने आइएमई पे ले जनाएको छ।




नेपालको पहिलो भुक्तानी सेवा प्रदायक आइएमई पे मोबाईल वालेट मार्फत सेवाग्राही आफैले अथवा एजेन्टमार्फत विभिन्न किसिमको भुक्तानी कार्यहरू गर्न सक्नेछन। यसले व्यक्ति-व्यक्ति बीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुबिधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरूमा क्यूआर स्क्यान गरी भुक्तान गर्ने, मोबाईल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिलहरू भुक्तान गर्न मिल्ने सेवा प्रदान गर्दै आइरहेको छ।

यस मोबाईल वालेटमा ब्याज तथा विभिन्न क्यासब्याकहरूको पनि सुबिधा उपलब्ध छ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा क्रिकेटरलाई नगदसहित सम्मान

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी तथा टिम अफिसियलहरूलाई नगदसहित सम्मान गरेको छ।

बैंकले हालै सम्पन्न एसीसी प्रिमियर कप २०२३ को विजेता भएको राष्ट्रिय क्रिकेट टिमका १८ जना खेलाडीहरूलाई जनही एक लाख रुपैया र ८ जना टिम अफिसिलयलहरूलाई जनही ५० हजार रुपैंया नगद प्रदान गरेको हो। नेपालले हालै सम्पन्न डिभिजन २ को प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी विश्वकप छनौट खेलमा सहभागी हुने अवसरका साथै अन्तर्राष्ट्रिय एकदिवसीय क्रिकेट खेल्ने मान्यता कायम राख्न सफल भएको छ।



कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष एवं प्रमुख अतिथि डा. बलराम पाठकले खेलाडी तथा टिम अफिसिलयहरूलाई सम्मान गर्दै नेपाललाई विश्वमा चिनाउने क्षेत्रमा क्रिकेट पनि थपिएको बताउँदै आगामी दिनमा पनि यस्ता सहयोग गर्न सकिने बताए।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले अन्तर्राष्ट्रिय स्तरमा क्रिकेटले राष्ट्रको नाम उच्च बनाएको यो क्षण गौरबपूर्ण भएको बताउँदै अन्य खेलकुदलाई पनि बैंकले सहयोग गरेको बताए।

क्रिकेट एशोसिएसन अफ नेपाल(क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले अन्तर्राष्ट्रिय रुपमा नेपालको नाम क्रिकेटले चिनाएको बताउँदै बैंकको सहयोगले आगामी दिनमा अगाडि बढ्न हौसला पुगेको बताए। यस्तै राष्ट्रिय क्रिकेट टिमका कप्तान रोहित पौडेलले देशको लागि खेल्ने सपना पूरा गर्न पाएकोमा खुशी लागेको बताए। कार्यक्रम मार्केटिङ्ग विभागका विभागीय प्रमुख अच्युत गौतमले सञ्चालन गरेका थिए।

बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २७१ वटा शाखा कार्यालय, ५२ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग, क्यूआर कोड सेवा, पिओएस सेवा, क्रेडिट कार्ड, डेबिट कार्ड, कनेक्ट आइपिएस, स्मार्ट क्युआर टेर्लर, ईन्टरनेट बैंकिङ, परिष्कृत रुपको मोबाईल बैंकिङ्ग तथा बिना ईन्टरनेट चल्ने ग्क्कम् मोबाईल बैंकिङ्गका सेवाहरू समेत सञ्चालनमा रहेका छन्।

---

# सिटी एक्सप्रेस मनी ट्रान्सफरको सीईओमा निरजमान सैंजु नियुक्त

सिटी एक्सप्रेस मनी ट्रान्सफरको प्रमुख कार्यकारी अधिकृत (सीईओ) पदमा निरज मान सैंजु नियुक्त भएका छन्।

कम्पनीमा अनुभवी सीईओ निरज मान सैंजुको उच्च स्तरीय नेतृत्व क्षमता र कार्यानुभवले सिटी एक्सप्रेसको प्रगतिले नयाँ उचाई लिने अपेक्षा गरिएको सिटी एक्सप्रेसले जनाएको छ।

सैंजुको बैंकिङ क्षेत्रमा २० वर्ष भन्दा बढी अनुभव साथै धेरै वाणिज्य बैंकहरूको फिल्ड ट्रेजरी विभागमा १५ वर्षभन्दा बढीको उत्कृष्ट अनुभव छ। क्यानडा स्थित सेक्युरिटी इन्स्टिच्युटबाट सुरक्षा कोर्ष गरेका सैंजुसँग सुरक्षा र लगानीको क्षेत्रमा उल्लेखनीय ज्ञान छ।

नवनियुक्त सीईओ सैजुले आफुले




कम्पनीको दिगो आर्थिक बृद्धिको लागि नेटवर्कको विश्वव्यापी पहुँच विस्तार गरी नेपालको सबैभन्दा ठूलो ग्राहक केन्द्रित कम्पनी बनाउने विश्वास दिलाएका छन्।

सिटी एक्सप्रेसले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १६ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५,००० भन्दा बढि भुक्तानी केन्द्रहरू मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरू प्रदान गर्दै आइरहेको छ।

# आईएमई र सामाजिक सुरक्षा कोषबीच सम्झौता



सामाजिक सुरक्षा कोष र रेमिट्यान्स प्रदायक कम्पनी आईएमई लिमिटेडबीच विदेशमा रहेका योगदानकर्ताहरूबाट रकम संकलनको सेवा प्रदान गर्नका लागि सम्झौता भएको छ।

सम्झौता पत्रमा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली र आईएमईका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले हस्ताक्षर गरेका हुन्। सो सम्झौताको कार्यान्वयन पछि विदेशस्थित आईएमई काउण्टर तथा साझेदारहरूमार्फत वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले योगदान वापतको रकम कोषमा जम्मा गर्न सक्ने छन्।

आईएमईका प्रमुख कार्यकारी अधिकृत पौडेलले सम्झौता अनुसार विदेशमा रहेका लाखौं नेपालीहरूलाई कोषमा योगदान गर्ने रकम जम्मा गर्न सहज हुने जनाउदै यसले कोषले अघि बढाएको वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरूको सामाजिक सुरक्षा योजनाको प्रर्वद्धनका लागिसमेत सहयोग बताए।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले आइएमई तथा यसका साझेदारहरूको विश्वव्यापी सञ्जाल भएकाले कोषले अघि बढाएको योजनामा सहभागिता बढाउन तथा कोषमा योगदान गर्नेहरूलाई रकम पठाउन सहज हुने विश्वास व्यक्त गरे।

आईएमई लिमिटेडले नेपालका शहरी तथा ग्रामिण क्षेत्रलाई समेट्ने गरी २ सय २५ आइएमई सेन्टरसहित ७७ जिल्लाका करिव १२ हजार सव एजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत् विदेशमा कार्यरत नेपालीहरूले दुःख गरि कमाएको रकम देशका विभिन्न भूगोलमा रहेका आफन्तको हातमा छिटो, छरितो, विश्वसनीय र सुरक्षित तवरबाट वितरण गर्दै आईरहेको छ।

सम्झौता हस्ताक्षर समारोहमा कोषका निर्देशक रोशन कोजु र आईएमई लिमिटेडका तर्फबाट बिजनेश डेभलपमेन्ट म्यानेजर श्यामकृष्ण खकुरेलको पनि उपस्थिती थियो।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# एनआरएनए युवा संयोजक वाशिदले **स्वदेश भित्र्याए 'बेलाको ब्राण्ड'**

## बेलायतको चर्चित ब्राण्डका इलेक्ट्रोनिक्स सामान अब नेपाली बजारमा

बेलायती ब्राण्ड 'बेलाको होम एप्लाईसेन्सको प्रोडक्टहरू' नेपाली बजारमा आएको छ । आईकेबिएच ग्रुप प्रालीले काठमाडौमा पत्रकार सम्मेलन गरेर बेलाको ब्राण्डको होम एप्लाईसेन्स नेपाली बजारमा भित्रिएको जनाएको हो । बेलाको ब्राण्ड बेलायतको चर्चित ब्राण्ड हो । यो ब्राण्डका सामग्री तथा उपकरणहरू कतार र बेलायतपछि नेपाली बजारमा विस्तार गरिएको हो । कम्पनीले आगामी दिनमा अन्य मुलुकमा पनि बजार विस्तार गर्ने लक्ष्य राखेको जनाएको छ ।




बेलाको ब्राण्डले आफनो गुणस्तरमा कुनै पनि सम्झौता नगर्ने जनाएको छ । कम्पनीले आफ्ना उत्पादनहरू ग्राहकहरूको प्रमुख रोजाईमा पर्ने दावी गरेको छ । यस ब्राण्ड अन्तर्गत टेलिभिजन, फ्रिज, वाशिङ मेशिन, मिक्सचर, आइरन, राइस कुकर, ग्यास चुलोलगायतका विभिन्न २८ किसिमका घर तथा भान्छामा प्रयोग हुने उपकरण र विद्युतीय सामग्री लन्च गरिएको हो ।

आईकेबिएच ग्रुप प्रालीका प्रमुख कार्यकारी अधिकृत तथा एनआरएनएका युवा संयोजक अब्दुल वाशिदले एक कार्यक्रमबीच बेलाको ब्राण्डका इलेक्ट्रोनिक्स सामान तथा उपकरणहरू सार्वजनिक गरेका हुन् । सो अवसरमा बेलाको ब्राण्डको ब्राण्ड एम्बासडरमा चर्चित नायक प्रदिप खडकालाई अनुबन्धन गरिएको पनि जानकारी दिइएको थियो ।

कार्यक्रममा बोल्दै वाशिदले बेलायती चर्चित ब्राण्डको इलेक्ट्रोनिक्स सामान नेपाली उपभोक्तामाझ ल्याउन पाउदा आफुलाई खुसी लागेको बताए । उनले बेलाको ब्राण्डको अन्य कुनै पनि ब्राण्डका सामाग्रीहरूसँग प्रतिष्पर्धा नरहेको बताउदै गुणस्तरीय सामाग्री र उत्कृष्ट सेवा प्रवाहमा आफुहरू केन्द्रित रहने बताए ।






प्रमुख कार्यकारी निर्देशक वाशिदले हजारौ नेपाली वैदेशिक रोजगारीका लागि विदेश गइरहेको परिप्रेक्षमा स्वदेशमा केहि गर्ने उद्देश्यले बेलाको ब्राण्ड नेपालमा विस्तार गरेको बताए । 'एउटा नेपाली युवाले आफ्नै गाँउको नामबाट विदेशी बजारमा सुरु गरेको ब्राण्डलाई विदेशी समूदायले अत्याधिक माया गरेपछि आफ्नै देशमा पनि भित्र्याएको हुँ, यसलाई अन्य मुलुकहरूमा पनि बिस्तार गर्ने तयारी गरिरहेको छु ।'

वाशिदले व्यवसायिकरुपमा मात्र नभएर स्वदेशमा केहि रोजगारी सिर्जना गरौ, अहिलेको संकटग्रस्थ अर्थतन्त्रमा केहि भएपनि टेवा पुऱ्याऔ र युवाहरूमा उद्यमशिलताप्रति प्रेरणा जगाऔ भन्ने उद्देश्यले बेलाको ब्राण्ड नेपाली बजारमा भित्र्याएको बताए ।

कार्यक्रममा बोल्दै एनआरएनएका उपाध्यक्ष रोविन्द प्रसाद श्रेष्ठ (गोविन्द)ले गैरआवासीय नेपालीहरूलाई आफु बाहिर रहेपनि स्वदेशको धेरै माया रहेको र स्वदेशमा धेरैभन्दा धेरै लगानी भित्र्याउने इच्छा रहेको बताए । उनले यसका लागि वातावरण बनाउन र गैरआवासीय नेपालीले राख्दै आएका मागहरू सम्वोधन गर्न सरकारलाई आग्रह गरे ।

बेलाको ब्राण्डका प्रोडक्टलाई माया गरिदिन आग्रह गर्दै कम्पनीले नेपाली नयाँ वर्षलाई लक्षित गरी बिभिन्न उपहार योजनाहरू पनि ल्याएको जनाएको छ । जस अन्तर्गत बेलाको ब्राण्डको एउटा प्रोडक्ट (विग होम अप्लाईन्सेस) किन्दा अर्को सित्तैमा पाईने छ । यो योजना जेठ मसान्तसम्म रहेको कम्पनीले जनाएको छ ।

# मखनीको बौवा

मखनीदेवीले आँसु पुछेर आफैं फतफत गरी– 'बौवा, समस्या त्यति मात्र कहाँ हो र ? अब मैले बोल्ने एउटा मान्छेसम्म पाउँदिन घरमा ? अर्को मान्छे नभएको घरमा एक्लै बस्नु समस्या हो की होइन ? तँ गएको दिनदेखि कहिले आउँछस् भनेर बस्नु छ मैले। यो चाँहि समस्या हो कि होइन ?'



युवराज नयाँघरे

मखनीको छोरो उड्यो !

आकाशमा उडिरहेको जहाज मखनीले हेरिरही। उसको टिलपिल आँखाले उडिरहेको जहाज अब त देख्नै सकेनन्। आँसु उर्ली-उर्ली बगिरहे आखाँमा। गाउँमा मखनीलाई सबैले एउटै नामले डाकेनन्। जनकपुरभन्दा निकै पर रहेको देहातमा उसको घर छ। मखनीदेवी भनेर नागरिकतामा लेखिए पनि कसैले पनि उसलाई यो नामले बोलाएनन्।

मखनीले दुईटा सन्तान पाई। एउटा छोरो - बौवा। अर्को छोरी बबुनी। छोरीको बिहे पटनातिर भएको पनि धेरै भयो। बबुनी माइत आउँदा तीन-चार केटाकेटी लिएर आउँछे।

मखनीको बूढो मरेको धेरै वर्ष भयो। खेतमा पानी लगाउन साँझपख गएथ्यो। यसो कमिलाले चिलेजस्तो केले-केले चिल्यो।

'गंगटाले पो हो कि ?'

ऊ सोच्दै थियो।

सुलुल्ल कालो सर्प पानीमुनि गएको देखेपछि पक्का भो -सर्पले डसेछ। एकाएक खुट्टो निलो भएर आयो। हतारिएर घरमा आयो।

उसलाई खुर्सानी टोक्न लाए। उसले पिरो छैन भन्यो। दशवटासम्म खुर्सानी चबाउन लगाए - उसले एक थोपो पिरो नभएको बतायो।

अनि सबैलाई पत्तो भयो सर्प बिखालु नै रहेछ। जनकपुर लैजाने सल्लाह गर्दागर्दै उसको 'परान' गयो।

बौवा र बबुनी टुहुरा-टुहुरी भए। मखनीदेवी विधवा भई।

त्यसपछि ठूलै पहाड उठाउनुपर्‍यो मखनीले। सारा गाउँलेले उसलाई खेद्न थाले। हरेक तिरबाट लखेट्न थाले, मखनीदेवीले भोकभोकै रात कटाई। दिनहरू तिर्खैतिर्खाले घेरिन्थे। तैपनि उसले छोराछोरी हुर्काई।

मखनीको दुःखहरू झन् बढे। छोराछोरी बढेसँगै दुःख पनि ठूलठूलै भए। तर उसले खेप्दै र सहँदै दुःखहरू जित्न खोजी।

जलेश्वरमा बसेर बौवाले सानो पान पसल चलाउँदै थियो। ऊ बेला-बेलामा घर आउँथ्यो -'माई, अब कतार जान खोज्दैछु।'

सुरु-सुरुमा त मखनीलाई छोराका कुराले डर लाग्थ्यो। छोरोलाई कसरी बाहिर पठाउने ? यो घरमा छोरो नभए आफू कसरी बस्ने ? एक्लै बस्ने आँट कहाँ थियो र मखनीसँग ?

तर उसले वरपर सबैतिर हेरी। बुझी अनि निर्णय गरी -'छोरो जान्छ भने जाओस्।'

'आखिर अरुका पनि त गएकै छन्। रामलखन, भगलु, जोगिन्दर, भगतसिंह, सियाराम, किसनकुमार, पप्पुभैया पनि त गाउँबाट कतार गएकै छन्।'

'जाओस् बौवा। कमाउन जाओस्।'

मखनीले यसै भनेर बिस्तारै आफ्नो मन बुझाई।

गएको दुई मैनादेखि खुबै कुदाकुद गर्‍यो - बौवाले। अनि कतार जाने पक्कापक्की भएथ्यो। बल्ल टुंगो लागेछ।

'माई, भे गेल !'

'भे गेल माई !'

उसले दोहोर्‍याएर विदेश उड्ने कुरा सुनायो मखनीदेवीलाई। मुखभरि मुजा र घामको तातोले डामिएकी बौवाकी आमा यतिखेर शान्त भई।

धेरै दुःख भएपछि सुख र दुःख एकै हुँदो रहेछ। यतिखेर मखनीलाई त्यस्तै त्यस्तै लाग्यो।

जेठको घामले तराईमा बेस्सरी डस्न थालेथ्यो।

एक बिहान मखनीदेवी र बौवा काठमाडौतिर लागें। गौशालाको एउटा कोठामा आमालाई ल्याएर राख्यो बौवाले। आमा दिनभरि कोठाभित्रै यसोउसो गरेर बस्थी।

'बाँदरले झोला, ब्याग चोर्ला है।'

'माई देख-देख।'

ऊ मखनीदेवीलाई सम्झाउँथ्यो।

बिहानै हिडेको बौवा गौशालाको धर्मशाला भित्रिँदा रात परिसकेको हुन्थ्यो। कत्ति पटक त उसले बाहिरै रात काटेथ्यो।

मेडिकल, ट्रेनिङ, श्रम, भेटघाट, टिकट, क्युआर कोड, पासपोर्ट, भिसा, इन्सुरेन्स, मेनपावर, एअरपोर्ट, पुलिस, चेकइन, डिले, कम्पनी लगेज, ह्यान्डक्यारी यी शब्द पटक-पटक बौवा भन्थ्यो। तर आमा मखनीदेवीले यी शब्द उच्चारण गर्न पनि जानिनँ, अर्थ पनि बुझिन।

'बौवा, के भनेको ?'

आमाले पटक-पटक माथिका शब्दहरू आउँदा उसले सोधेकी थिई।

'यी सबै पैसा हुन् माई। पैसा आउने शब्द त

बोलिरहनुपर्छ नि माई ।'

बौवाले यसो भन्दै मुसुमुसु हाँसेको थियो ।

जम्मा पाँच कक्षा पढेर आफ्नो नाम लेख्न सक्ने भएको थियो बौवा ।

ऊ घुमाई-घुमाई र निकै कलाकारिता देखाएर आफ्नो नामको सही पनि गर्ने गर्थ्यो ।

'मान्छेहरू तीन कक्षा पढ्ने बित्तिकै आफ्नो नाम हिन्दी, इङलिस, पञ्जावी, बंगाली, अबधी भाषामा बोल्छन् । कतिले त लेख्छन् पनि । म त पाँच पढेको बौवा हुँ । सही पनि दामी गर्नुपर्छ ।'

बौवाले आमालाई गफ दिएथ्यो ।

'जे गर्छस् गर । संसार जान्ने तँ नै होस् ।'

आमाले उत्तर फर्काएकी थिइन् ।

बुधवारको बेलुकी आमा मखनीदेवीलाई लिएर बौवा पशुपतिनाथ गयो ।

आमा छक्कै परिन् -पशुतिनाथ मन्दिर अगिल्लितिरको ठूलो बसाहा देखेर । यति ठूलो साँडे उसले देखेकी पनि थिइन कहिल्यै पनि ।

थोर अनौठो लाग्यो उसलाई ।

पशुपति दर्शन गरे । फूल चढाए । बत्ती बाले । धुप बाले । अनि गौशाला तिरै फर्किए ।

'भोलेबाबा मेरो बौवालाई धेर धन बर्साइदेऊ । धन बर्साउन नसके तन जोगाइदेऊ ।'

आमाले पटक-पटक यही भनिन् ।

राति नजिकैको पसलमा लगेर पेडा, बुनिया, मुरै र दही खाए उनीहरूले । जीवनमै पहिलोपटक यति धेरै मिठो खानेकुरा आमाको मुखमा परेको थियो ।

ज्यादै मिठो मानी-मानी आमाले दही र पेडा खाई ।

'मन लागेको भए अरु पनि थप माई ।'

बौवाले तीन-चार खेप भन्यो ।

मखनीदेवीले दुई पटक थपेर खाँदा अघाएको बताई । आमाको अनुहार अघाएको देखिन्थ्यो ।

'कमाए जत्तिकै भयो । आमालाई हँसाउनु नै धन कमाए जस्तै त हो नि !'

बौवाका मनमा कुरा खेले ।

भोलिपल्ट बिहानै उनीहरू झोला बोकेर एयरपोर्ट पुगे । विमानस्थलको एउटा कुनामा व्याग र आमालाई राखेर एकछिन हरायो -बौवा ।

'कम्पनीको मान्छेसँग मेरो काम छ' -यही भनेर ऊ भीडमा मिसिएको थियो । करिब दुई घन्टापछि आयो र प्लाष्टिकको पोका आमालाई दियो ।

'माई खाना हो खाऊ ।'

मखनीले पोका खोलेर हेरी । दुईवटा पातला रोटी, एउटा मुलाको चाना, चारवटा आलुका चाना, प्याजको एउटा टुक्रा, एकचाना गाजर, सानो प्लाष्टिकको गिलासमा झोलिलो तरकारी र एउटा हरियो ढिँडी खुर्सानी थिए ।

उसले बिस्तारै सबै खाई ।

यी खानेकुरा पनि जीवनमा एउटै थलोमा देखेकी थिइनँ । मखनीदेवीलाई विदेश नै सबै यतै छ जस्तो हिजो र आजको खानामा लागिरहेथ्यो ।

दुई बजेको जहाजमा बौवा उड्यो ।

जाने बेलामा धेरै कुरा उसले गर्न मौका पाएन ।

एउटा कुरा भनेको थियो -'माई, इनार सुक्छ । पानी बोक्न समस्या होला । तर म गएर सुकेको इनार खन्ने खर्च पठाई हाल्छु माई ।'

'यो समस्या मुख्य हो । यसलाई म मिलाईहाल्छु ।'

बौवाले भनेको थियो ।

तर आमाले मनमा कुरा खेलाइरही -'बौवा, समस्या अरु धेरै छन् । ती कसरी मिलाउने ?'

'अब कसले खेत खन्छ ? कसले धान रोप्छ ? कसले गहुँ छर्छ ? कसले मकै गोड्छ ?'

'बौवा, घरको भैसी कसले चराउन जाने ? घरको छानो चुँहिदा कसले छाउने होला ? बारी छेउको आपको बोटमा औषधी कसले छर्छ ?'

'अब हुरी आउँदा घर छेउका बाँस लडेर घरै छोप्छन् । त्यो बेला कसले बाँस काटेर घर जोगाउने ? बर्खामा पैनीको पानी घरमा पस्छ, त्यतिखेर पानीको भल कसले कटाउने ?'

'बौवा जाडो खुबै हुन्छ मधेशमा । त्यतिखेर गोबरको गुइँठा र दाउरा खोज्न को जान्छ ? आगलागी पटक-पटक हुन्छ गाउँमा । त्यो बेला को घर जोगाउन अघि सर्ला ?'

'समस्या अरु पनि छन् । घरको धुरीबाट ओछ्यानमा सर्प खस्छन् । त्यतिखेर सर्प खेद्ने को होला ? सर्पले टोके अस्पताल लाने को होला बौवा ?'

मखनीदेवीले आँसु पुछेर आफैं फतफत गरी -'बौवा, समस्या त्यति मात्र कहाँ हो र ? अब मैले बोल्ने एउटा मान्छेसम्म पाउँदिन घरमा ? अर्को मान्छे नभएको घरमा एक्लै बस्नु समस्या हो की होइन ? तँ गएको दिनदेखि कहिले आउँछस् भनेर बस्नु छ मैले । यो चाँहि समस्या हो कि होइन ?'

बौवाकी आमा एक्लै फतफताइ रही ।



# बिष पिएरै बाँचेका हामी

उसले एकैपटक धेरै बिष खायो हामीले पटकपटक थोरैथोरै खाइरहेका छौँ। हो नि उसले आँट गरेर एकैपटक खायो हामी डरपोकहरू अलेली गर्दै खाँदैछौँ भित्रभित्रै रोग लाग्दै होला। माटोमा हालेको मल, बिरुवा र त्यसको फूलमा हालेको बिषादी मान्छेको मुखमाचाहिँ कसरी पस्ला त ? कडै प्रतिवाद गर्न खोजे एकजना वृद्धले।



शम्भु सुस्केरा

उ..त्याँ किन त्यतिका मान्छे भेला भएका ?

चारपाँच जना मानिसहरू एकापसमा मुख फर्काएर कुरा गरिरहेका थिए। उनीहरूको छेउमा गएर स्कुटर रोकेँ र सोधेँ।

उ..त्यो पल्लो घरको भाइले बीष सेवन गरेर मरेछ।

ए ! प्रतिक्रियास्वरुप यत्ति आवाज निस्कियो मेरो मुखबाट।

के पिरले हो यसरी मान्छे भटाभटी आत्महत्या गर्न थालेका ? त्यहिमध्येको एउटाले असन्तुष्टि र जिज्ञासा एकसाथ राख्यो।

बाँच्न मन लागेन मर्यो नि। अर्कोले सतही मुख फर्कायो।

नजिकैको रूखको सयलमा स्कुटर अड्याएँ।

सडक छेउकै रूखको सयलमा झुण्डझुण्ड भएर मानिसहरू कुरा गरिरहेका थिए।

सडक छेउको भुईघरमा मान्छेहरू थुप्रिएका थिए। सायद आफूले आफूलाई मार्ने मान्छेको घर त्यही होला। मैले लख काटेँ।

वरपर पसल छेउछाउ, सडक किनाराका रूखको सयलमा छरपस्टै थिए मान्छेहरू।

किन मर्यो, कसरी पर्यो, कसैले मार्यो कि यस्तै थियो चर्चाको विषय। सबैतिर चुस्सचुस्स मिसिएँ म पनि।

कसैले अपहरण गरेर विष खुवाएको रे।

कसरी थाहा भएछ यो कुरा ?

उसले भिडियो बनाएर श्रीमतीको म्यासेन्जरमा पठाएको रे। ४ जना मान्छेको नाम पोलेको छ रे।

नचाहिने कुरा। अपहरणकारीले लगेको भए अपहरितको घर छेउमा आएर भिडियो बनाएर आफ्नो नाम पोल्ने अवसर दिन्छ र ?

ठिक भन्नु भयो। जसरी हुन्छ मारी छाड्थे नि, आफैँ पक्राउ पर्ने प्रमाण कहाँ बनाउन सघाउथे र ?

त्यस्तो भएको रहेछ भने पनि आफ्नो घर नजिक आएर भिडियो बनाइन्जेल घरमै गएर भन्थ्यो होला। समयमा अस्पताल लान्थे होला कुरै अर्को हुनसक्थ्यो।

यस्तै तर्क बितर्कमा थिए मान्छे।

लाश चाहिँ कहाँ छ नि ?

अस्पतालमा छ भन्थे ।

होइन पोष्टमार्टम गरिसके रे। अब घरमै ल्याउँछन् होला।

महेन्द्र राजमार्गमा जोडिएको ठाडो कच्चीबाटो, पश्चिमपट्टि मृतकको पसल, बाटोको पूर्वपट्टि दुईओटा पक्की घरमा विभिन्न पसलहरू, त्यसको पश्चिममा रहेको लामो टहरोको एउटा सटरमा मेसिनरी मर्मत पसल।

त्यसको अगाडि घाँसे मैदानमा थिए निकै मान्छेहरू थुप्रिएका। भुईतिर थिए धेरैका आँखा। म नजिक गएँ, मिसिएँ।

उसको बिषाक्त शरीर भेटिएको ठाउँ रहेछ त्यो। भुईको झार पहेँलो भएको थियो। पिउने बेला, पिउँदा वा बमिट गरेर बिष पोखियो र भुईको झार मरेको हो। अनुमान अनेक थिए।

भुईमा मात्र होइन त्यहाँबाट उसको घरतिर जाने गल्लीमा मानिसको पाइलाको छाप थियो। जुत्ता चप्पलका डामले झार मरेर पहेँलो भएको थियो मान्छेको पाइला परेको ठाउँमा।

भुईमा पोखिएको बिष कुल्चिएका पाइलाले टेकेको सबै ठाउँको झार मरेको अनुमान गर्न कठिन थिएन।

कति कडा बिष खाएछ त भुईको झार समेत मरेछ।

धान खेतको झार मार्न प्रयोग गरिने बिष खाएछ क्यार।

झार मार्ने औषधी पनि यत्ति कडा ?

त्यही त कडा हुनेरहेछ।

हामी मान्छेले हरेक दिन कति कडा बिष खाइरहेका रहेछौँ त।

हो नि बोटदेखि, फल र फूलमा समेत यस्तै बिष र मलखाद नहाली हुँदैन, खाइने त रहेछ।

बहसको विषय फेरिएलाजस्तो भयो त्यहाँ।

उसले एकैपटक धेरै बिष खायो हामीले पटकपटक थोरैथोरै खाइरहेका छौँ।

हो नि उसले आँट गरेर एकैपटक खायो हामी डरपोकहरू अलेली गर्दै खाँदैछौँ भित्रभित्रै रोग लाग्दै होला।

माटोमा हालेको मल, बिरुवा र त्यसको फूलमा हालेको बिषादी मान्छेको मुखमाचाहिँ कसरी पस्ला त ? कडै प्रतिवाद गर्न खोजे एकजना वृद्धले।

माटो र बालीनालीमा हालेको रासायनिक मल र बिषादी बिरुवाले खान्छ त्यसबाट फसल लाग्छ,

त्यो खाएपछि असर हुँदैन त मान्छेलाई ? तपाई किसान हो भने यत्ति कुरा चाहिँ थाहा हुनुपर्छ। एक युवाले स्पष्ट पार्न खोजे ।

हो त नानीका आमाले खाएको अमिलो पिरोले पेटको बच्चा र साना शिशुलाई असर गरेजस्तै त हो ।

होला हुन त । तर के गर्नु रासायनिक मल नहाली अन्न फल्दैन, बिषादी नहाले रोग र किराले सखाप पार्छ, उपाय नै छैन ।

माटो, वातावरण र मानव स्वास्थ्यलाई असर नगर्ने मलखाद र बिषादी पनि त हुन्छ नि । जान्नुपर्छ, खोज्नुपर्छ नत्र दुःख निम्तिन्छ । यसरी फ्याट्टै मर्न पनि सकिँदैन । अनेक घातक रोगले कतिन्जेल तड्पिएर मर्नुपर्छ ।

भविष्यमा दुःख पाउने कुरामा अहिल्यै धेरै चिन्ता नगरौँ ।

हो व्यारे, यो भाइचाहिँ ४० वर्षको गरिखाने उमेरमा किन यसरी आत्महत्या गरेछ जानौँ न ।

मान्छे त मरिगयो अब जानेर के फाइदा ।

सिक्न होला नि के दुःख पर्दा कसरी मर्ने भनेर ।

एकाएक माहौलमा हाँसो मिसियो ।

व्यापारी केटो, व्यापार तल ऋण माथि पर्यो होला समाधान नभेटेर मर्यो ।

अनुमानै त हो ।

पापी रैछ मान्छे । आफूले झेल्न नसकेको समस्या परिवारका सदस्यलाई थोपरेर मर्यो ।

यत्ति सोच्न सकेको भए मर्ने थिएन होला, मरेपछि सबै समाधान हुन्छ भन्ने ठान्यो परिवारका बारेमा सोच्दैसोचेन । खै के हो के हो अहिले त सामाजिक सञ्जालले नै मान्छेलाई आत्मत्या गर्न प्रेरित गरिराको छ हौ ।

आयो हौ विश्लेषण ।

हो नि काठमाडौँ संसद भवन अगाडि प्रेम आचार्यले आत्मदाह गरेपछि उसको परिवारलाई ठूलै आर्थिक सहयोग जुट्यो । परिवारले सहानुभूति पायो, सरकारले गाली खायो । सबैले यस्तै होला भन्ने ठानेर मरेका होलान् ।

अरुका परिवारले त्यो सहयोग पाएका छैनन् ।

हो त त्यसपछि पनि धेरै व्यावसायीले आतमहत्या गरिसके । उहिले आत्महत्या गर्नेलाई लाछी भन्थे अहिले बिचरा भन्छन् ।

सही कुरा गर्नुभयो, केही न केही प्रेरित भएका छन् अहिले ।

अरुले बाध्य पारेर पनि त आत्महत्या गरेका छन् मान्छेले ।

त्यस्तो अवस्थामा त दोषीलाई सजाय हुनेछ, भएको पनि छ ।

तर आफ्नो ज्यान फाल्ने अनि दोषिले सजाय पायो भनेर के खुशी हुनु ?

हो नि, बरु जहाँ जसले अन्याय गर्छ उसका बिरुद्ध डटेर न्याय खोज्नुपर्छ । आत्महत्याको बाटो रोज्नु भनेको परिवारलाई समेत थप अन्यायमा पार्नु हो । यत्ति कुरा किन बुझ्दैनन् मान्छे । जीवन रहे त हरेक सम्भावनाहरू बाँकी रहन्छ, आफूले आफुलाई मार्नु भनेको समाधान र सम्भावनाका ढोकाहरू बन्द गर्नु हो ।

समुहसमुहमा विभक्त भएर मानिसहरू चर्चामा संलग्न थिए ।

नमर्नु पर्ने, किन मर्यो, आत्महत्या गर्लाजस्तो त लाग्दैनथ्यो, परिवारमा राम्रै थियो, पसल पनि राम्रै चलेको थियो, मर्नै पर्नेगरी व्यवहार बिग्रेजस्तो त लाग्दैनथ्यो ।

यस्तै अनेक बिचार र तर्कहरू तरङ्गित थिए बहसहरूमा ।

लास ल्याए- कसैले चर्को स्वरमा बोल्यो । सबैका आँखा महेन्द्र राजमार्गतिर परे । शव बाहन मृतकको घर छिर्ने कच्ची सडकतिर मोडियो । मानिसहरू शव बाहनकै पछि लागे गुरुरु ।

मान्छेहरू आँगनमा थुप्रिए । तुलसीको मोठमा लाश राखियो ।

मृतककी श्रीमती र आमालाई घरभित्रबाट कसैले निकाले ।

सासूबुहारी शवमाथि छाँद हालेर रोएको रोदनले बिरक्तिलो बन्यो वातावरण । भेला भएका छिमेकी र आफन्तहरू आँखा पुछ्दै पछि हटे ।

रुनका लागि उसका सन्तानहरू रहेनछन् । एउटा पीडा कम भयो । कसैले यसो भनेको पनि सुनियो ।



# ग्लोबल नेपाली फिल्म अवार्डको छैठौं संस्करण अमेरिकाको न्यूयोर्कमा हुँदै




'ग्लोबल नेपाली फिल्म अवार्ड' को छैठौं संस्करण अमेरिकाको न्यूयोर्कमा अगष्ट १२ तारिखमा हुने तय भएको छ। यो अवार्ड 'नेपाली चलचित्र गाउँदेखि विश्वसम्म' भन्ने नारासहित सन् २०१६ बाट सुरू भएको हो।

चलचित्रकर्मीहरूलाई सम्मान पुरस्कार र प्रोत्साहन गर्ने हेतुले 'ग्लोबल नेपाली फिल्म अवार्ड'को आयोजना गरिदै आएको र यस वर्षको अवार्ड कार्यक्रम न्यूयोर्क क्विन्स शहरको मेलरोज बलरुममा हुने ग्लोबल नेपाली फिल्म अवार्डका अध्यक्ष नवराज श्रेष्ठले जानकारी दिए। एटीए एभरेष्ट इन्स्योरेन्सको मुख्य प्रायोजन र सुनिल पाठक एजेण्ट अल स्टेट इन्स्योरेन्स कम्पनीको सह-प्रायोजनमा हुने ग्लोबल नेपाली फिल्म अवार्डको छैठौं संस्करणको होस्ट अर्गनाइजर ड्रिम्स युनिभर्सल एलएलसी न्यूयोर्क रहने भएको छ भने आयोजकको रुपमा नेपाल फिल्म सोसाइटी, ग्लोबल नेपाली फिल्म अवार्ड, गोल्डेन स्टेट मुभी मेकर र ८८४८ मिडिया हाउस एलएलसीले संयुक्त रूपमा छैठौं ग्लोबल नेपाली फिल्म अवार्ड' आयोजना गर्ने अवार्डका संरक्षक तथा नेपाल फिल्म सोसाइटीका केन्द्रीय अध्यक्ष कृष्ण मल्लले जानकारी गराएका छन्। अवार्डका अघिल्ला पाँच संस्करण कोलोराडो र सनफ्रान्सिस्कोमा भएका थिए।

अवार्ड आयोजनाको उद्देश्य विदेशमा नेपाली फिल्मको प्रवर्द्धन गर्नु रहेको आयोजक संस्था ड्रिम्स युनिभर्सल एलएलसी न्यूयोर्कका अध्यक्ष सैलेश श्रेष्ठले बताए। 'नेपाललाई फिल्म टुरिजमको हब बनाउन अवार्डले भूमिका खेल्नेछ', उनले भने।

नेपालबाट गएका र अमेरिकामा बस्ने कलाकर्मीहरूको पुर्नमिलन गराउने र नेपाललाई विदेशीमाझ चलचित्र छायांकन गर्न सुन्दर ठाउँको रूपमा प्रचार गर्नु पनि अवार्डको उद्देश्य रहेको चलचित्र निर्देशक तथा ८८४८ मिडिया हाउस एलएलसीका अध्यक्ष नारायण पुरी बताउँछन्।

'यो अवार्डको उद्देश्य विदेशमा नेपाली चलचित्रको प्रवर्द्धन गर्नु हो। नेपाली चलचित्रको सफलता विदेशमा गएर मनाउनका लागि हो। अमेरिकामा नेपालबाट धेरै कलाकारहरू पुगेका छन्, उनीहरूसँग पूर्नमिलन गर्नु पनि अवार्डको उद्देश्य हो। संसारभर छरिएर बसेका नेपाली चलचित्रकर्मी तथा कलाकारहरूलाई एउटै स्थानमा जमघट गराएर नेपाली मौलिक कला, संस्कृतीलाई संसारभर परिचित गराउने उद्देश्य रहेको अर्को आयोजक संस्था गोल्डेन स्टेट मुभी मेकरका अध्यक्ष यज्ञ श्रेष्ठले बताए।

अवार्डको लागि चलचित्र छनौट समिति गठन भइसकेको र चलचित्र छनौट धमाधम भईरहेको छ भने नेपालबाट अवार्ड कार्यक्रममा सहभागी हुने कलाकार तथा समावेश हुने चलचित्रहरूको जानकारी प्रेस बिज्ञप्ति मार्फत गरिने अवार्डका प्रेस संयोजक सुर्य चन्दले जानकारी गराएका छन्।

# 'बक्स अफिस टेलिफिल्म अवार्ड पत्रकारिता सम्मान'

लामो समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय रहेका टंक कार्की, ताराचन्द्र देवकोटा र कृष्ण कार्की 'बक्स अफिस टेलिफिल्म अवार्ड पत्रकारिता सम्मान २०८०' बाट सम्मानित भएका छन्।




नेसनल बक्स अफिस टेलिफिल्म अवार्ड २०८० संस्करणको मुलपानीमा सञ्चालित एक कार्यक्रमकाबीच उनिहरूलाई सम्मान गरिएको हो। बक्स अफिस इन्टरनेसनल ग्रुपका अध्यक्ष आरके सुवेदी संयोजक रहेको अवार्ड हो।

कार्यक्रममा सञ्चार उद्यमी आर के मानन्धर, गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख दीपक रिसाल, नेपाल राष्ट्र बैंकको नोट डिजानर तथा गीतकार सुन्दर श्रेष्ठ, वरिष्ठ कलाकार कृष्ण सिवाकोटी, निर्माता सुनिल ढकाल लगायत बरिष्ठ कलाकर्मीको बाक्लो उपस्थिति रहेको थियो।

स्थानीय पुराना निर्माता तथा निर्देशक रामभक्त श्रेष्ठको सभापतिमा सम्पन्न भएको टेलिफिल्म अवार्डमा प्रसिद्ध कलाकारहरूले मौलिक सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेका थिए। कार्यक्रममा टेलिफिल्म क्षेत्रका विभिन्न विधाका उत्कृष्ठहरूलाई सम्मान पनि प्रदान गरिएको थियो।





## चैनपुर नगरपालिकाको अनुरोध

- आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं ।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं ।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं ।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं ।
- समयमै कर तिरी जरिवानाबाट बचौं ।
- करको चर्चा घरघरमा गरौं ।
- हामीले तिरेको कर हाम्रै लागि ।

**चैनपुर नगरपालिका**
संखुवासभा



# संगीतमा सृजनशीलता, मौलिकता र मीठास हुनुपर्छ

**पारस मुकारुङ**, संगीतकार

● **हरिराम पौडेल**

संगीतलाई आफ्नो मुटुको धड्कन सम्झने पारस मुकारुङ्ग नेपाली आधुनिक संगीतको क्षेत्रमा चिरपरिचितका साथै स्थापित नाम हो। उनले नेपाली आधुनिक गीतको क्षेत्रलाई दिएको योगदान महत्वपूर्णको साथै अतुलनीय रहेको छ। लामो समयदेखि उनी नेपाली सुगम संगीतमा सक्रिय रहेका छन्।

पारस मुकारुङ्गको जन्म भोजपुर जिल्लाको दिल्पा, अन्नपूर्ण ३ मा भएको हो। उनको वुवाको नाम पुरुषोत्तम मुकारुङ र आमाको नाम गंगादेवी मुकारुङ्ग हो। उनको परिवारमा आमा, वुवा, भाइ, एक दिदी र एक बहिनी छन। उनको बाल्यकाल भौगोलिकरुपले विकट तर प्राकृतिक रुपले सुन्दर दिल्पामा नै वित्यो। दिल्पा अन्नपूर्ण भोजपुरबाट उनले प्रवेशिका सम्मको अध्ययन पुरा गरे। त्यस पछिको अध्ययनको लागी उनी काठमाण्डौ प्रवेश गरे। काठमाण्डौको रत्नराज्य लक्ष्मी क्याम्पसबाट संगीतसहितको विषय लिई उनले स्नातक तह सम्मको अध्ययन पुरा गरे। आफ्नो सांगितिक जीवनमा उनले कर्म, फेरी याद आयो, आधार, कोशिश, साइली मोरीलाई, रस भाग १ र २, धेरै वर्ष पछि, संवाद आदि एल्वमहरूमा एकल संगीत गरेका छन्। त्यसैगरि सुनकाटी तोला, राखौ सम्झना आदि लोकगीत एल्वम पनि धेरै पहिले बजारमा ल्याइसकेका छन्।

सांगितिक वातावरणमा हुर्केका संगीतकार मुकारुङ्ग सानैदेखि संगीतप्रेमी थिए। संगीत भने पछि उनी सानैदेखि मन पराउने गर्दथे। सानैदेखि उनी बासुरी बजाउने, गीत गाउने गर्दथे। उनका वुवा शिक्षक थिए र गीत संगीतको पनि त्यत्तिकै सौखिन थिए। वुवाले नै उनलाई बाँसुरी बजाउन सिकाएका थिए। त्यसो त मुकारुङ्गका बुवा, हजुरबुवा मात्र होइन जिजु हजुरवुवा समेत संगीतका पारखी थिए। उनिहरूले त्यो समयमा पनि घरमा नै हारमोनिम बजाउने मान्छे राखेर भजन, आरती गाउने गरेको पारस मुकारुङ्गले सुनेका थिए। मुकारुङ्गका भाई भीषण मुकारुङ्ग नेपाली सुगम संगीतमा चर्चित गायक हुन्। मुकारुङ्गको परिवार नै संगीतप्रति समर्पित रहेको यी विविध जानकारीबाट स्पष्ट हुन्छ।

६/७ कक्षा पढ्दादेखि रेडियो सुनेर रेडियोमा बजेका गीतहरू गुनगुनाउने उनले २०५० सालदेखि बाँसुरीमा शास्त्रीय संगीतको अध्ययन गरेका हुन्। उनले संगीत प्रवीण गोपालनाथ योगी तथा मोहन प्रसाद जोशीसँग संगीतको प्रशिक्षण लिएका लिए। बुवाले 'भोजपुर पढ्' भन्दा 'संगीत पढ्छु' भनेर काठमाण्डौ हिँडेका उनी काठमाण्डौ आएर निक्कै संघर्षका साथ संगीत सिके। मैतिदेवीदेखि पाटन ढोकासम्म गुरु मोहन प्रसाद जोशीसँग संगीत सिक्न जादा उनीसँग खल्तीमा पैसा हुदैनथ्यो, हिँडेर नै त्यहा सम्म पुग्थे, हिडेर नै फर्कन्थे। चिया, खाजा खाने पैसा नहुदा भोकभोकै पनि उनले संगीत सिके। उनको आर्थिक अवस्था बुझेका गुरु मोहन प्रसाद जोशीले उनलाई निःशुल्क संगीत सिकाएका थिए। गुरुको यो सद्भाव आज पनि मुकारुङ्ग श्रद्धाका साथ स्मरण गर्ने गर्दछन्।

यसरी एउटा दुर्गम जिल्लाबाट शहर पसेर निक्कै दुःख, कष्ट र अभावका बीच संगीत सिकेका मुकारुङ्ग अहिले नेपाली संगीतमा स्थापित भइसकेका छन् । हालसम्म उनले ६ सयका हाराहारी गीतहरूमा संगीत दिइसकेका छन्, अनामनगरमा आफ्नै रेकडिङ्ग स्टुडियो सेवा रेकर्डिङ्ग संचालन गरेर गीत संगीतको सेवामा दिनरात तल्लिन रहेका छन् भने गीत संगीतको उत्थान र श्रीवृद्धिमा समर्पित संस्था संगीतकार संघ नेपालको अध्यक्षसमेत भइसकेका उनी संघर्षले नै जीवनलाई सफल बनाउँछ भन्ने उदाहरण बनेका छन् ।

उनीद्धारा संगीतवद्ध गीतहरू निक्कै चर्चित छन्, अरुको तुलनामा फरकपन दिएर संगीत भर्ने संगीतकारको रुपमा पनि चिनिन्छन् उनी । उनी भन्छन् 'नेपाली सांगितिक क्षेत्रमा धेरै संगीतकार हुनुहुन्छ, म किन पृथक छु भने म बजारको चर्चाको लागी काम गर्दिन, म मौलिकतालाइ प्राथमिकता दिन्छु, आफूले गरेको संगीतमा माटोको सुवास भेटियोस् भन्ने मेरो ध्यय हुन्छ, म प्रारम्भिक चरणदेखि अहिलेसम्म एउटै मान्यतामा अडिग छु, हिट हुनु, चर्चामा आउनु मात्र संगीतको महत्व होइन भन्ने मेरो मान्यता हो, संगीत त भावनाले गरिने कुरा हो, संगीतमा विचार, सृजनशिलता, मौलिकता र मीठास हुनुपर्छ भन्ने पनि मेरो मान्यता हो, मैले जहिलेदेखि संगीत गर्न थाले, चेतनाले संगीत गर्न थाले ।'

मुकारुङ्गका धेरै गीतहरूमा स्वर दिएका छन् उनकै भाई तथा चर्चित गायक भीषण मुकारुङले । उनले गाएका कतिपय गीतहरू चर्चा कमाउन सफल भएका छन् । आफ्ना दाजु तथा संगीतकार पारस मुकारुङ्गको सन्दर्भ केलाउँदा उनी भन्छन् 'पारस आफैमा एउटा संघर्षको प्रतीक हो, वहाले आजसम्म जति संगीत गर्नु भयो आफैमा गम्भीर प्रकृतिका संगीत रहेका छन्, वहाको संगीतहरू बजार लक्षित मात्रै छैनन्, जीवन र जगतबीचको समन्वय वहाको संगीतमा पाइन्छ ।'

२०७० सालमा मण्डला थिएटरबाट 'श्रष्टासँग संगीतकार' कार्यक्रमको प्रत्यक्ष कार्यक्रम गरेर थप चर्चा कमाएका संगीतकार पारस मुकारुङ्गले आफ्नो सांगितिक यात्रामा विभिन्न सम्मान तथा पुरस्कारहरूले सम्मानित तथा पुरस्कृत भइसकेका छन् । रेडियो नेपालद्धारा आयोजित अधिराज्यव्यापी आधुनिक गीत प्रतियोगिता २०५९ मा उनी संगीततर्फ प्रथम भएर पुरस्कृत भएका थिए भने सोही वर्ष उनलाई किराँत राई विद्यार्थी संघले सम्मान गरेको थियो ।

उनी विभिन्न संघसंस्थामा पनि आवद्ध रहेका छन् । संगीतकार संघ नेपालको अध्यक्षको जिम्मेवारी निर्वाह गरिसकेका उनले संगीत रोयल्टी संकलन समाज, आदिवासी जनजाति श्रष्टा कलाकार संघलगायतको कार्यसमितिमा रहेर भूमिका निर्वाह गरिसकेका छन् । विभिन्न सर्जकका गीतहरूमा सुमधुर संगीत भरेर ती गीतलाई दर्शक श्रोता समक्ष ल्याउन भूमिका निर्वाह गरेका उनी गीत संगीत क्षेत्र सम्वद्ध विभिन्न संस्थामा रहेर पनि संगीतकर्मी तथा संगीतको सेवा गरिरहेका छन्, संगीत कर्ममा नै रमाइरहेका छन् ।

जे देखियो

# बढ्न थाले 'टु-लेट'

'बजार प्रायः सुनसान छ । मानिसहरूको चहलपहल न्यून छ । व्यापार व्यवसायमा मन्दी छाएको छ । आर्थिक मन्दीले अहिलेको अवस्था नाजुक छ' आजभोलि अधिकांश व्यवसायीको मुखबाट निस्कने शब्द यस्तै हुन्छन् । व्यवसायीहरूमा छाएको नैराश्यताले देशको आर्थिक अवस्थालाई कमजोर तुल्याइरहेको छ ।

केहि बर्ष अगाडि काठमाडौंमात्र होइन अधिकांश शहरहरू चलायमान भइरहेका थिए । तर, एकाएक कोरोना महामारी, विश्वमा देखिएको आर्थिक मन्दी र नेपाल सरकारको दुरदृष्टी नीति नहुँदा नेपाली व्यवसायीहरू पलायन हुने अवस्थामा पुगिरहेका छन । अझ देशमा बढ्दो अनियमिता, भ्रष्टचार, चर्को ब्याजदर र नीजि क्षेत्रलाई बढावा दिने स्पष्ट नीति नहुँदा शहरका व्यापारीले धमाधम आफ्नो व्यवसाय नै बन्द गर्न थालेका छन् ।

पहिला काठमाडौंका मुख्य व्यापारिक हव मानिने न्युरोड, असन, नयाँवानेश्वर, दरवारमार्गलगायतका क्षेत्रहरूमा व्यापारका लागि सटर पाउन एकदमै मुस्किल हुने गर्दथ्यो । घर बन्नुअघि नै बुकिङ हुन्थ्यो । धेरै समय अघि नै सम्झौता गरेर एड्भान्स दिएर बुकिंग गर्नुपर्दथ्यो तर अहिले ती स्थानहरू सुनसान प्रायः देखिन थालेका छन् । ठाउँठाउँमा 'टु लेट' का पोस्टरहरू टाँसिन थालेका छन् ।

कुनै समय त्यस्तो पनि थियो कि कुनै ठाउँमा सटर आवश्यक परेमा विभिन्न दलालीहरूलाई पैसा खुवाएर घरधनीले भनेको निश्चित भाडादरमा अग्रिम रकम भुक्तान गरेर मात्र व्यापार व्यवसाय गर्नका लागि सटर पाउन सकिन्थ्यो । भवन तथा घर निमार्ण भई नसक्दै अग्रिम सटर बुकिङ भइसक्थ्यो । केही समययता देशको आर्थिक क्षेत्रमा आएको मन्दीका कारण व्यापार व्यवसायको क्षेत्रमा ठूलो धक्का लागेको छ । बैंकहरूले अस्वभाविक रुपमा ब्याजदर बढाउँदा यसको प्रत्यक्ष मार साना तथा मझौला व्यवसायीहरूलाई पर्न गएको छ । देशमै केही गरौ भनेर व्यापार व्यवसाय सुरु गरेका व्यववसायीहरूले मँहगो ब्याजदर थेग्न नसक्दा धमाधम व्यापारबाट पलायन हुन थालेका छन् ।



पर्वत विश्वकर्मा

पछिल्लो समय व्यापारीहरू पनि कम भाडा भएको घरमा सर्ने क्रम बढेको छ । यति मात्रै होइन काठमाडौंको बसाई टुंग्याएर गाउँ फर्किनेको संख्या पनि बढेको छ, भने कोही विदेश पनि उड्न थालेका छन् । होटल, रेष्टुरेण्ट, होस्टलदेखि अधिकांश व्यवसाय गर्ने व्यवसायीले व्यवसाय नै बन्द गरेर घर खाली गराएका छन् । सरकारसँग कति घरका कोठा, सटर खाली भए भन्ने आधिकारिक तथ्यांक नभएपनि अहिले अधिकांश घरमा कोठा तथा सटरहरू खाली देखिन्छन् ।




राजधानीको व्यापारिक क्षेत्र एवम् होलसेल सामान किनमेलका लागि मानिसको अत्याधिक चाँप हुने असन, न्यूरोड, चाबहिल, सुन्धारा, बानेश्वरलगायत क्षेत्रमा अधिकांश सटर खाली हुन थालेका छन् । एकातिर दिनप्रतिदिन बढेको महंगी, आर्थिक मन्दी, उद्योग, कारकाखाना, व्यवसाय बन्द हुने क्रम बढेकाले व्यवसायीहरू सटर बन्द गर्न बाध्य भएका हुन् । कोरोना महामारीका समयमा मारमा परेका व्यवसायीहरूलाई प्रोत्साहन गर्न राज्यले समयमै ध्यान दिन नसक्दा व्यवसायीहरू आफ्नो व्यवसाय छोडेर पलायन भएका हुन् । अर्थतन्त्रमा आएको गिरावटका कारण व्यापार व्यवसाय घटेको तर राज्य जिम्मेवार नहुँदा व्यवसायीहरू पलायन हुनुपर्ने अवस्थामा पुगेको व्यवसायीहरूको गुनासो छ ।

उता भाडामा बस्नेहरूको संख्या घट्दै गएपछि ऋण काढेर घर बनाएका घरधनीहरूलाई भने समस्या देखिएको छ । कोठाभाडा नै आम्दानीको मुख्य स्रोत बनाएका घरधनीहरूलाई बैंकको किस्ता तिर्न र दैनिक गुजारामा समेत समस्या देखा पर्न थालेको छ । यसरी सटर खाली हुनु, व्यापार व्यवसाय कम हुनु, मानिसहरूमा पलायन हुने अवस्था आउनु पक्कै शुभ होइन, सरकारले हेक्का राख्नुपर्छ ।

# व्यवसायिक कृषिले बनाउँछ सुखी

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


Crystal Diagnostic
Screening for Clarity
CERTIFIED ISO 9001:2015 COMPANY
Trusted Solutions, Not Just Results
Protect Your Health, Diagnose Earlier.
'A' grade pathology laboratory certified by NPHL, Government of Nepal
OUR SERVICES
• Antigen Testing
• Biochemistry
• Cytology
• Flucytrometry
• Haematology
• Histopathology
• Immunochemistry
• Immunofluorescence
• Immunology
• Microbiology
• Molecular RT-PCR Test
• Molecular Diagnostics
• Various Allergy Testing
• Virology
Contact: 01-4561020/21/30
Mobile: 9802302157, 9802301020
Address: Sinamangal, Kathmandu
Visit Website: www.crystaldiagnosticlab.com

imeगरौं

# विदेशबाट पठाएको रकम
# सिधै IME Pay मा प्राप्त गर्नुहोस्




IME Pay मा बिदेशबाट पठाएको
पैसा प्राप्त गर्दा पाउनुहोस रू. ५०|- बोनस ।

IME® International Money Express
*Fast, Reliable And Secure Remittance*

IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD




FOR DEALERSHIP / DISTRIBUTOR
Please Contact
01-5300700, 9801666001, 9802341611

I.K.B.H. GROUP
Sitapaila, Kathmandu


म.क्षे.हु.नि.द.नं. ७/०७०/७१
himal remit®
हिमालरेमिट
मेरो मन तब खुशी हुन्छ, जब
मेरो परिश्रमको फलले
मेरो परिवारको खाँचो टार्छ ।
ढुक्क छु, मेरो खुशीलाई
हिमालरेमिटले मेरो परिवारसम्म
पुऱ्याई दिइरहेको छ ।
पुऱ्याउँछौं खुशी
a product of
HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.
www.himalayanbank.com/himalremit
टोल फ्रि १६ ६00 १११ 000
रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोन: ००९७७-१-४२५०३५४
QR SCAN FOR MORE DETAILS.
Follow us on:
himalremit
@himalremit
@himalremit